CC-0. In Public Domain. Digitization by eGangotri

आ॰ १५ - ९८६

NEPAL SANSKRIT UNIVERSITY

* अथ *

श्री महर्षि कणाद प्रणीतम्

आयुर्वेदशास्त्रिणा पं० बालकृष्णाचार्येण प्रणीतया बालकृष्णाश्रमी नेपाली भाषा टीकया सहितम्

नाडी विज्ञानम्

अनुवादकः तथा प्रकाशकः

पं० बालकृष्णाचार्य यशोदापुस्तकालय
दुर्गाघाट, वाराणसी-१

राजशासनका अनुसारले यस पुस्तकको प्रकाशनको सर्वाधिकार प्रकाशककै हातमा सुरक्षित छ।

प्रथमावृत्ति २०००] संवत् २०२१ [मू० २।५०

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

१२०

भूमिका

एक बार अवश्य पढनुहोला

यो महर्षि कणाद ऋषिले बनायेको नाडी विज्ञान पढने सज्जन वैद्य वर्गले यसमा अत्यन्त ध्यान दियेर सूक्ष्म विचार-पूर्वक एकाग्रताका साथ अध्ययन गर्नु र गुरुमुख समेत गर्नु अत्यावश्यक छ। किन कि मनुष्यका देहमा साढे तीन करोड नाडी हुन्छन् तेसमापनी वहत्तर हजार स्थूल छन् इनैले पाँच कर्मे इन्द्रिय पाँचज्ञानेन्द्रियलाई शक्ति प्रदान गरेर आफ्नु आफ्नु काम गर्ने शक्ति प्रदान गर्दछन्, तेसमध्ये सात सहे नाडीले खायेको अन्नरस लाई स्थान स्थानमा पुस्याउँछन्। यो शरीर सात सहे नाडीले पाउ देखी शिर सम्म मादल जस्तैगरी वाधियेको छ। तेसमध्ये चौविश नाडी स्फुट छन् किन्तु परीक्षा लिन हेर्न योग्य यौटै नाडी हुन्छे वात, पित्त, कफ तथा द्वन्द्वको सन्निपात तथा साध्या-साध्य विचार विशेष सूक्ष्मरूपले हेरेमा मृत्युको वर्ष महिना दिन घण्टाको पनी निर्णय गरेर बताउन सक्तछ, किन्तु यो सवै जान्न कठिन छ संसारी पुरुषले एक तपस्या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नै गर्नु पर्छ, यस्मा लाग पर्नु बराबर रोगीका नाडी हेर्दै रहनु प छं। काशी आदि भारतमा आयुर्वेद कै सहाराले वैद्य सत्य नारायण शास्त्री आदिले कैयन् लाख रुपिया कमायेका छन् नामपनी कमायेका छन् तर आज सम्म हाम्रा नेपालमा आयुर्वेदको अत्यन्त अभाव छ। किनकि नेपाली भाषामा आयुर्वेदका पुस्तक धेर छापियेका छैनन्, संस्कृत न जान्नेका निमित्त यौटा स्वयं वैद्य नामको पुस्तक मैले प्रकाशन गरेको छ यस्मा सवै जरी बुटी रोगको निदान कुन् रोगमा कुन् औषधी प्रयोग गर्ने सवै बतायेको छ, अव लै बालकृष्णाश्रमी नेपाली भाषाटीका सहितका २ पुस्तक यौटा नाडी परीक्षा, र नाडी विज्ञान, छपायेका छन् यस्मा तपाञि ग्राहक हरूले प्रोत्साहन दिनु भयोभने अरु अरु ग्रन्थमापनी नेपाली भाषा टीका बनायेर देशको उन्नतिका लागी छापिने छन्, किन कि हाम्रा नेपाल राज्य भरमा प्रतिवर्ष एक करोड जती मूल्यको आयुर्वेदीय औषधी भारत वाट नेपालमा विक्रि हुन्छ, किन्तु यसोगर्नु परेको आयुर्वेदको अभावले गर्दा हो, हाम्रा नेपालमा जडी बुटीको क्यै कमी छैन मदेशमा चितौन मोरङ्का जङ्गलमा दिनमा लाख मन ल्याये

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पनी नसकिने अमला छन् तर जङ्गलैमा सडेर जान्छन् भारतका जङ्गलका अमलाको मुरब्बाबनायेर ६) रुपिया सेर विक्रि हुन्छ। असूराको खोटो पिपला, सूठो, मरीच, चीनी मिळायेर वासावलेह बनायेर १२) रुपिया सेर विक्रि भयेर खोकि जरामा दुनियाको उपकार भयेको छ, हाम्रा देशमा असुरो दिनमा लाख मन खोजे पाविन्छ तर तेसै सडेर जान्छ त्रिफला भारतमा जङ्गल वाट आयेर ८) रु० सेर विक्रि हुन्छ नेपालमा जङ्गलमा सडेर जान्छ, चिसापानीको उकाला-मा प्रसस्त तारपिनका वृक्ष छन् फल प्रसस्तपायिन्छन् ति सवै जङ्गलमा सडेर जान्छन्, तर भारतमा तार्पिनकै फल पेलेर तार्पिनको तेल ३२) रु० को १ सेर विक्रि हुन्छ, गन्धक, शिलाजित् प्रसस्त छ रसादि औषधी बनायेर भारत यूरोप तिर पठायेमा प्रति वर्ष १० करोडको नेपालको आमदनी हुने थियो तर तेसै सडेर जान्छ, अलि अलि चिराइतो भयाउ सिन कौलि, सूठो, पदंचाल, मुस्लिकन्द, कुरिलाका जरा सस्ता दाममा विक्रि हुन्छन् तेसैलाई आफना देशमा औषधी रूपमा तयार गरेर विदेशमा पठायेमा विशगुणा दाम तेसैको हुने थियो। हाम्रा नेपालमा डाक्टर वैद्यको अभावले गर्दा सन्निपात-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मा पनी धामी ल्यायेर वसाउँछन् सन्निपातमा धाँमीले के गर्नु, अतः तपाञि नेपालीहरूले यो आफ्ना नेपाळी भाषामा बनायेको नाडी विज्ञान ळाई घोर परीश्रम गरेर पूरा मननगरीकन नेर्नुहोस्त रगत आँउपर्दा वाँजको बोक्रोर काफलको बोक्रो कुटेरखायेमा निकोहुन्छ, तर पचासन् रुपिया खर्चगरेर इमेटिनको सूई दिन भारत आउनुपर्छ। जडेलाका पानीले आँखाको फुळो (मोति विन्दुलाई) काट्तछ, तर सहेकडन् रुपिया खर्च गरेर भारतमा अप्रशन गराउनुपर्छ। यस वाट लाभ उठाउनु भयेमा अरू चरक, सुश्रुत, वाग्भट, भैषज्यरत्नावली, माधव निदान, आदि सवै ग्रन्थ विस्तारै नेपाली भाषामा छापिने छन्, तव तक स्वयंवैद्य नाडी परीक्षा नाडीविज्ञान इत्यादि को मननगर्नु होस्।

लेखकः टीकाकारः

पं० बालकृष्णाचार्य, यशोदापुस्तकालय,

दुर्गाघाट, वाराणसी-१

वाट मगायेर हेर्नुहोला

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

बालकृष्णाश्रमी नेपाली भाषाटीकयोपेतं नाडीविज्ञानम्

मङ्गलाचरणम्

तद्वक्त्रेभ्यः पञ्चसंख्या गतेभ्यो
वेदा जाता ऋग्यजुः सामरूपाः ।
सायुर्वेदाथर्ववेदश्च तस्मिन्ना
स्तां शम्भौ श्रीकणादस्य भक्तिः ॥१॥

भा०—जस्का पाँचमुख देखी ऋक्, यजुः, साम तथा आयुर्वेदसहित अथर्ववेद उत्पन्न भये, जुन् शिवजीले पाँचमुखले आयुर्वेदसहित ऋक्, यजुः, साम, अथर्ववेदको प्रचार संसारमा गरे, उनै भगवान् शम्भुमा श्रीकणाद ऋषिकी भक्ति स्थिर भयेर रहुन् ॥१॥

वैद्यक प्रचारकाः

आस्ते वेदः पञ्चमो वैद्यकाख्यो
वेत्ताकश्चित्तस्य नास्ते महेशात् ।
तस्माद्धाताऽध्यैष्ट तस्मात्तुराषाट्
तस्माज्ज्ञात्वा वक्तुमर्हामि शास्त्रम् ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ऋगादि चारवेद देखी अतिरिक्त पाँचौ वेदपनी छ किन्तु यसको तत्व महेश्वर छोडेर आर्काले जान्दैनन् । वृहत्त्रयी, चरक, सुश्रत, वाग्भट आदिग्रन्थमा ब्रह्माजीलाई नै आयुर्वेदका प्रथम प्रचारक मानेकाछन्, किनकि ब्रह्माजीलेनै चारवेद उपवेद सहित प्रचार गरेकाछन्, जस्माकि अथर्ववेदको उपवेद आयुर्वेद हो । किन्तु यहाँ पाँचौ वेदभन्नाले आगमरूप वैद्यक, माने नाडीविज्ञान रसायनविज्ञानको बोध यसबाट हुन्छ, किनकि इ योग तन्त्र शास्त्रका अङ्गहुन्, इ दुवै शास्त्रका आदि प्रचारक महादेवजी हुन् किनभने इ दुवै अङ्ग पैले आयुर्वेदमा थियेनन्, किनभने चरक, सुश्रुत, वाग्भटमा इ अङ्गको उल्लेख छैन । आयुर्वेदका उपकारी हुनालेनै ऋषिहरूले योग र तन्त्र शास्त्रलाई ल्यायेर वैद्यकमा मिलाएको हो । तेसकारणले पंचमवेदरूप वैद्यक शास्त्रका ज्ञाता शम्भुजीनै हुनुहुन्छ । शम्भुसंग ब्रह्माले पढे ब्रह्मासित इन्द्रले पढे इन्द्रसित मैले पढेर म कणाद महर्षि आयुर्वेद शास्त्र बनाउन भन्न प्रचार गर्न योग्य भयेकोहुँ, भनेर कणादऋषि भन्नुहुन्छ ।

नाडीजान्नेरीति

करस्याङ्गुष्ठमूले या धमनी जीवसाक्षिणी ।
तच्चेष्टया सुखं दुःखं ज्ञेयं कायस्य पण्डितैः ॥३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

हातका बुढी अङ्गुष्ठका फेदमा जो धमनी नामकी नाडीछ त्यै चैतन्य (जीवकी) साक्षिणी हो, अर्थात् नाडीका सञ्चनले बताउछ कि यस शरीरमा जीव छ कि छैन भन्ने कुरो, यसै नाडीका गतिले र चेष्टाले मनुष्यका शरीरको सुख दुःख वैद्यकमा निपुण पण्डितहरूले जान्न योग्य छ। अचिन्त्य चित्स्वरूपत्वादचेतन इति स्थिते । चैतन्ये चेतना हेतुस्तां वन्दे शक्तिमद्भुताम्, यौटी अचिन्त्य शक्तिछे जो हृदयकी गतिलाई प्रतिक्षण आन्दोलित गर्दछे, हृदयकी गतिनै नाडीमा बोल्दछे, हृदयकी गति द्वारानै समस्त शरीरकी धमनी नसाहरूमा रगतको संञ्चालन (आध्मान हुन्छ) अतः सबै ठाउमा फुकेर पुऱ्याउने हुनाले यो नाडीको नाम धमनी परेको हो, मानिसको शरीरमा जेसुकै गड् वड्भये पनी सबैभन्दा पैले हृदयनै प्रभावित हुन्छ, तेसकारणले जाहाँ तक गतिको सबन्धछ हृदयमा र बुढी अङ्गुष्ठकाफेदमा रहेका नाडीको अन्तर हुदैन, अतः छातिमा कानथापेर हृदयकी गति सुन्नु नाडीमा हेर्नु यौटैगति हुन्छे तेसकारणले कुन कुन दोष कुपित हुँदा कुन कुन नाडीकी गति कस्ती हुन्छे तेसको वर्णन तलको श्लोकमा गरिन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वायुकुपितहुँदा तथा पित्तकुपितभयेमा नाडीकोलक्षण

नाडी धत्ते मरुत्कोपे जलौकासर्पयोर्गतिम् ।
कलिङ्गकाकमण्डूकगतिं पित्तस्य कोपतः ॥४॥

वायु कुपितभयेमा नाडी जुकाको र सर्पकोगतिले, अर्थात् टेढी गतिले चल्दछे । पित्त कुपित भयेमा भगेरो, काग, भ्यागुताका गतिले चल्दछे, अर्थात् जस्ता किसिमले दुवैखुट्टा उफारेर भगेरो काग भ्यागुतो फुत्त फुत्त उफ्रेर हिड्छन् पायिला सारन जान्दैनन् तेस्तै किसिमले नाडी चल्द छे ।

कफकुपितभयेमा र सन्निपातहुँदामा नाडीकोलक्षण

हंसपारावतगतिं धत्ते श्लेष्म प्रकोपतः ।
लावतित्तिरवर्त्तीनां गमनं सन्निपाततः ॥५॥

कफ प्रकुपित भयेमा हाँस परेवाको जस्तो मन्द गतिले नाडो चल्दछे । सन्निपातज्वरमा (कफ, वात, पित्त) तिनै कुपित भयेमा सबै तिनै कुपित हुन्छन्, तेसवेलाकी नाडी कि गति कैलेरोकिने कैले कैले अति वेगले चल्ने हुन्छे, लाभे,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

छिटो बटाई पक्षीको जस्तै गति हुन्छे, माने घरि घरि वेगले-छोटो घरि घरि ढीलो चल्ने हुन्छे धेरै विचार गरेरहेर्नुपर्छ ।

दुईदोषकुपितहुँदामा वातपित्त या कफ-वात या पित्त कफमा तथा असाध्या-वस्थामा नाडीको लक्षण

कदाचिन्मन्दगमना कदाचिद्वेगवाहिनी ।
द्विदोषकोपतो ज्ञेया हन्ति च स्थानविच्युता ॥६॥

दुई दोष कुपितहुँदा नाडी कैले धिमीधिमी मन्दगतिले चल्दछे, कैले कैले तीव्र वेगले चल्दछे यो दुई दोषको लक्षण जान्नु । असाध्यावस्थामा आफ्नु स्थान अर्थात् अङ्गुष्ठाका फेदवाट नाडीले आफ्नु स्थान छोडीभने जीवनको अन्त भयो भन्ने संझनुपर्छ अर्थात् बाच्दैन ।

रोकिई रोकिई चलेकी तथा चिसा नाडीको लक्षण

स्थित्वा स्थित्वा प्रचलति या सा स्मृता प्राणनाशिनी ।
अति क्षीणाच शीता च जीवितं हन्त्यसंशयम् ॥७॥

नाडी रोकीकन चल्दछे जो तेस्तै अति क्षीण हुन्छे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ठएडापन आयोभने ई ४ चारै नाडी असाध्य हुन् जीवनलाई नाश गर्नेहुन् । विशेष ध्यान राख्नुपर्ने कुरो यो छ कि स्नान गर्ने बित्तिकै, भोजनका बाद, तेल मर्दन गरेपछि, भोक प्यासले व्याकुलभएकाको, सुतेर उठनेबित्तिकै, व्यायाम परिश्रम, का वाद ई सबै अवस्थामा नाडीको ज्ञान ठिक्-ठिक् हुन शक्तैन । पुरुषको दाहिने हातका बुढी अङ्गुष्ठका फेदमा, स्त्रीको बायाँ हातका औंठाका फेदमा हेर्नुपर्छ । नाडी हेर्दा तीनैवटा औंला तीनै नाडीमा राख्नु, वातको अधिकतामा चोर औंलाका फेद्की नाडी चल्दछे, माझका औंलाका मनी फेद्मा पित्तको अधिकताकी नाडोको ज्ञान हुन्छ साब्लिो औंलाका फेदमा कफ आधिक्यकी नाडी प्रतीत (भासमान) हुन्छे । यदि तीनै औंलाका फेद्मा वात, पित्त, कफ, की नाडी एकदं द्रुतगतिले छीटो-छीटो तीनै नाडी चलेभने स्पष्ट सन्निपातकी नाडी हुन् भनेर संझनु पर्छ । यस्तै प्रकारले वातपित्त कफको विषमताकी नाडीहरूको गतिको उच्चा र नीचा, मन्द तीव्र गतिको विचार गरेर नाडीको कल्पना गर्नुपर्छ, तात्पर्य यो हो कि हृदयको अति दुर्बलता भयेमा जव रगतको प्रवाह मन्द पर्नजान्छ तब नाडीले आफ्नु स्थान छोडदछे यही अवस्था भयङ्कर हुन्छे किनभने रक्तको संचार नै हृदय स्पन्दनमा निर्भर गर्दछ जहाँ नाडी को स्पन्दन बन्द भयो तेसैमा जीवन निशेष भयो भन्ने संझनु पर्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जरामार काम क्रोध भय आदिमा नाडीकोलक्षण

ज्वरकोपेतु धमनी सोष्णा वेगवती भवेत् ।
काम क्रोधाद्वेगवहा क्षीणा चिन्ताभयप्लुता ॥८॥

जरो आयेमा नाडी अति छीटो वेगले चन्दछे, तातो गरम शरीर हुन्छ । कामातुर अवस्थामा क्रोध आयेमा नाडी अत्यन्त वेगवती हुन्छे, चिन्ताले आतुर भयेमा तथा डरायेमा नाडी क्षीण मन्द गतिले चन्दछे सूक्ष्मविचार गर्नुपर्छ ॥

मन्दाग्निधातुक्षीण रक्तकुपितहुँदा र आँउकादोषमा नाडीको लक्षण—

मन्दाग्नेः क्षीणधातोश्च नाडी मन्दतरा भवेत् ।
असृक्पूर्णा भवेत्कोष्णा गुर्वी सामा गरीयसी ॥९॥

जाठराग्नि मन्दभयेमा तथा रस रक्त वीर्य आदि धातु क्षीण भयेमा नाडी अत्यन्त धिमी हुन्छे । रक्त कुपित भयेमा नाडीमा गर्मीपन आउँछ गतिमा भारीपन प्रतीत हुन्छ, आँउको दोषछ भने अत्यन्त भारीपन भयेर चल्दछे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दीप्ताग्नि सुखी भोकोपेट पेटभरेका पुरुष को नाडी की गति

लघ्वी वहति दीप्ताग्नेस्तथा वेगवती मता ।
चपला क्षुधितस्य स्यात्तृप्तस्य वहति स्थिरा ॥१०॥

जुन पुरुष की जाठराग्नि दीप्तछ, उसकी नाडी हल्की तथा तीव्रगतिले चल्दछे । स्वस्थ अथवा सुखी मनुष्य की नाडी तेजीली तथा स्थिरगतिले चल्दछे, भोकायेका पुरुष की नाडी चञ्चल गतिले चल्दछे । अघायेका तृप्त भयेका पुरुष की नाडी स्थिर गतिले चल्दछे ॥

वैद्यलाई बोलाउनजाने मानिस आफ्नै जातको साफ कपड़ा लगायेको वैद्यमा श्रद्धागर्ने हुनुपर्छ । बाटामा शुभाशुभ शकुनविचार गर्नुपर्छ

वैद्याह्वानाय दूतस्य गच्छतो रोगिणः कृते ।
न शुभं सौम्यशकुनं प्रदीप्तं च सुखावहम् ॥
चिकित्सां रोगिणः कर्तुं गच्छतो भिषजः शुभम् ।
यात्रेयं सौम्यशकुनं प्रोक्तं दीप्तं न शोभनम् ॥२॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वैद्यलाई बोलाउन जानेमानिस साफलुगा लगायेको स्वजाति हुनुपर्छ । हिड्दा अपशकुन देखियो भने शुभहुन्छ रोगी निको हुन्छ भन्ने संझनु, वैद्य रोगीकाहाँ आउँदा हिड्ने वेलामा शुभशकुन देख्यो भने वैद्यले यस पाउछ, रोगी निको हुन्छ भन्ने संझनु पर्छ । यस को सकुन विचार धेरैनै सारङ्गधर संहिता का ३ अध्याय मा लेखियेकोछ यो पनी उसैपाट उधृतगरेको हो । धेरै विस्तारपूर्वक हेर्न र औषधी वनाउन रोग जान्ने इक्छा हुनेले सारङ्गधरसंहिता मगायेर हेर्नुपर्छ ।

नाडीको संख्या र स्थूलस्थान—

सार्द्ध त्रिकोट्योनाड्यो हि स्थूलाः सूक्ष्माश्च देहिनाम् ।
नाभिस्कन्द निवद्धास्तास्तिर्यगूर्ध्वमधः स्थिताः॥ ११॥

शरीरधारी प्राणी हरूका शरीरमा साढे तीन करोड् मोटीर पातली नाडी हरूछन् । इनी नाडी हेरू तेर्सो, उपर, तलतिर स्थितभयेर नाभि स्कन्दमा वाधियेकाछन्, अर्थात् प्राणीहरूका शरीरमा नाभि मुनि जो स्कन्दछ, उहीवाट नै ई सवै नाडी स्थूल रूपमा निक्केर माथि हात शिरसम्म तल पैताला सम्म अगल बगल छाति कमर आदिमा गयेर साखा प्रसाखा विसाखा उपसाखामा विभक्तभये र शरीर भरमा फैलियेर चल्दछन् । इनै नाडी संख्यामा साढे तीन करोड् छन् । अरु अरु तन्त्रमा नाडी को संख्या भिन्न भिन्न

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लेखियेकोछ, ति पनी आफना आफना तन्त्रमा उपयोगीभये काले ग्राह्य नै छन् । जो यहाँ नाडीगति विज्ञानमा साढ़ेतीन करोड लेखिये को छ यो कुनै आयुर्वेदशास्त्रमा विरोध गरे को छैन ॥

आकृति र कर्म का भेदले नाडी का नाममा भेद

सप्तसप्तति सहस्रन्तु तासां स्थूलाः प्रकीर्तिताः ।
देहे धमन्यो धन्यास्ताः पञ्चेन्द्रियगुणावहाः ॥१२॥

उनी साढेतीन करोड नाडीका मध्येमा वहत्तर हजार नाडी स्थूल मोटी हुन्छन् जो पाँचै इन्द्रियका गुण लाई चलाउछन्, अर्थात् नाभि स्कन्द वाट निक्लेर वहत्तर हज्जार संख्यामा वाटियेर आँखा, काँन, नाक, जिभ्रो छाला, का गुणरूप भयेर, रूप, शब्द, गन्ध, रस, स्पर्श, तथा अरू अरू गुण लाई लिन्छन्, अर्थात् इनै नाडी का बळले इन्द्रियहरू आफ्नु आफ्नु गुण ग्रहण गर्न समर्थ हुन्छन्, तेसकारणले इ धमनी नाम का नाडी शरीरमा प्रधान कहिन्छन्, यस को विस्तृत वर्णन सुश्रुत नामका ग्रन्थमा हेर्नु होला ॥

सवै अन्न लाई पचाउने नाडी को लक्षण

तासां च सूक्ष्म शुषिराणि शतानिसप्त-
स्युस्तानि यैरसकृदन्नरसं वहद्भिः ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

आप्यायते वपुरिदं हि नृणाममीषामम्भः
स्रवद्भिरिव सिन्धुशतैः समुद्रः ॥ १३ ॥

उनै वहत्तर हजार नाडी वाट सातसहे नसा यस्ता छन्, जो भित्र छिद्रभयेका छन् । इ नसामा छिड् (छिद्र) अत्यन्त साना छन्, जस्ता प्रकारले वरावरी १२ महिना पानी वगने सहेकडौ नदीका पानीले समुद्र जलले पूर्ण रहन्छ तेस्तै प्रकारले इ सात सहे नसा पनी अन्न रस लाई वहायेर शरीर लाई निरन्तर-सेचन गरेर, तृप्त गराउछन् जीवित राख्द छन् । अर्थात् जस्ता प्रकारले कुलाको पानी खेतमा वर्घैचामा लगेर सींचाई गर्दा हरियो भयेर भरीलो हुन्छ तेस्तै प्रकारले इ नाडिले सर्वत्र तृप्त गराँउँछन् इनै नसा का पुत्राल वाट नै सेचन भयेर शरीरको प्रत्येक भागमा अन्न रस द्वारा सेचन भयेर समान भावले योशरीर हृष्ट पुष्ट रहन्छ ।

पाउदेखी शिरसम्म बाध्ने नाडीको लक्षण

आपादतः प्रततगात्रमशेषमेषामा
मस्तकादपि च नाभि पुरःस्थितेन ।
एतन्मृदङ्गइव चर्मचयेन नद्धं –
कायं नृणामिह सिराशतसप्तकेन ॥१४॥

जस्ताकिसिमले मादल एता पटी वाट उतापटी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सम्म पातळाछाळाका पट्टिले बाधियेको हुन्छ तेस्तै प्रकारले यो मनुष्यको शरीर पनी नाभिस्कन्दवाट निक्लेर चारै तरफ फैलियेर इनै सात सहे नसाले बाधियेको छ जस्मा कि शरीरका अवयव सबैले आफ्नु आफ्नु काम गर्न शक्तछन्। मतलब यो हो कि नाभि स्कन्द बाट निक्लेर ई सातसहे नसा माथि तल तथा वरतिर परतिर फैलियेर शरीरका शिर देखी लियेर पैताला सम्म अवयवलाई यथास्थानमा राखेर संलग्नगरायेर आफ्नु आफ्नु कामगर्न समर्थ बनाउदछन्।

परीक्षागर्न योग्यनाडी

शतसप्तानां मध्ये चतुरधिकविंशतिः स्फुटास्तासाम्।
एका परीक्षणीया या दक्षिणकरचरणविन्यस्ता ॥१५॥

इनि सात सहे नाडी मध्यमा चौविश नाडी स्पट छन् अर्थात् स्पष्टरूपले थाहापायिन्छन्, इ चौविश नाडी सुश्रुतनामका ग्रन्थमा लेखियेका छन् जो कि नाभि स्कन्द वाट दश माथि दश तल तीर चार तेर्सो गयेकाछन्, यो चौविश नाडीमा पनी एकमात्र नाडी परीक्षागर्न योग्यछे जोदाहिनेहातदेखी पाउ सम्म फैलियेकी छ, अर्थात् दाहिने हात देखी दाहिने पाउसम्म फैलिंये कि चाहि यो मुख्य गरेर पुरुषैकी नाडी हो किन भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पुरुषकी कूर्म नाडी अधो मुख स्त्रीहरूकी कूर्मनाडी उर्ध्वमुख हुन्छे। तेस कारणले स्त्रीहरूकी बाँयाँ नाडी पुरुषकी दाहिने नाडी माहेर्नु पर्ने हो। यो मुख्यकुरो हो तर जव रोगी मरणासन्न (मर्नतयार) हुन्छ तव हातकी नाडी फट्फट् गर्दीन या अव्यक्त नै रहन्छे, उस वखतमा पाउमा बुढी औंलाका भेदमा नाककाफेद्मा घाँटीमा लिङ्गमा निधारका चल्नीमा इत्यादि स्थानमा नाडी देख्नु पर्छ।

कूर्मनामकी मुख्य नाडीको लक्षण

तिर्यक्कूर्मो देहिनां नाभिदेशे
वामे वक्त्रं तस्य पुच्छं च याम्ये।
ऊर्ध्वे भागे हस्तपादौ च वामौ
तस्याधस्तात् संस्थितौ दक्षिणौ तौ ॥१६॥

प्राणिहरूको नाभिका पासमा कूर्मनाडी रहन्छे नाभिस्कन्द जहाँवाट सवै नाडी निक्लन्छन् यौटा कछुवाको जस्तो आकार बिशिष्टछ यसैलाई कूर्म नाडी भन्दछन् यो तेर्सोभावले वसेकी छ, यसको शिर बाँयाँ तरफ छ पुच्छर दाहिने तर्फ छ, बाँयाँ हात पाउ माथितिर दाहिने हात पाउ तल तिरछन्, यो कूर्म नाडी पुरुषकी अधोमुख स्त्रीकी ऊर्ध्वमुख भयेर रहेकी हुन्छे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

काहाँकुन्नाडी रहन्छे तेसको लक्षण

वक्त्रे नाडीद्वयं तस्य पुच्छे नाडीद्वयं तथा ।
पञ्च पञ्च करे पादे वामदक्षिणभागयोः ॥१७॥

त्यो कूर्मका मुखमा दुई पुच्छरमा दुई तेस्तै हात पाउमा पाँच पाँच नाडी हरूछन्, बाँयाँ हात तथा पाउबाट निस्केर दश नाडी उपर शिर तर्फ गयेका छन्, तेस्तै दाहिने हात पाउबाट निस्केर दश नाडी तलतिर पाउ तर्फ गयेका छन्, मुखबाट र पुच्छ र बाट निस्केर २।२ नाडी तेर्सो गये काछन् । यस्ता प्रकारले नाभि चक्र बाट जम्मा चौबिश नाडी निक्लेका छन् ।

वातपित्तकफद्वन्द्वसन्निपातमा नाडीको लक्षण

वातं पित्तं कफं द्वन्द्वं सन्निपातं रसं त्वसृक् ।
साध्याऽसाध्य विवेकञ्च सर्वं नाडी प्रकाशयेत् ॥१८॥

वात, पित्त, कफ, प्रत्येकको क्षय र बृद्धि या प्रकृतिमा स्थित द्विदोष वात पित्त, पित्त कफ, या वात कफको प्रकोप सन्निपात माने तीनै दोषको प्रकोप, रस रक्तको अधिकता या कमी तथा साध्य असाध्य रोगहरूको खास

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गरेर सन्निपातको ज्ञान यो सबैकुरो नाडीले प्रकाशगर्दछे, अर्थात् वैद्य हेरूले नाडी देखेर यो सबै कुरो पत्ताळगाउन-शक्त छन् ।

वैद्यले नाडीहेर्ने कायदा

सव्येन रोगधृति कूर्परभागभाजाऽ-
ऽपीड्याऽथदक्षिणकराङ्गुलिकात्रयेण ।
अङ्गुष्ठमूलमधिपश्चिमभागमध्यं
नाडीं प्रभञ्जनगतिं सततं परीक्षेत् ॥१९॥

रोग लाइ धारण गर्ने वाळा बताउने वाला जोकूर्परको भाग विशेष हो माने रोगीको कैनु हो देस देखी नाडी सम्म वैद्यले स्वयं नाडी हेर्नुभन्दा पैले आफना बायाँ हातले विस्तारी वरीपरी मर्दनगर्नु यसले नाडीको मार्ग साफ हुन्छ, वातादि दोषको बाधा नभै गमनगर्दछन्, जसमा वातादि दोषको ठिक् ठिक् पत्ता लाग्दछ, फेरी अङ्गुष्ठका फेदमा अर्थात् चोर औलीर बुढीऔंठाका फेदमो आफना तीन औला तर्जनी मध्यमा अनामिका लाई राखेर ती तीनै औलाले दबाउनु र उही पैले वातकी नाडीको परीक्षागर्नु माने वात द्वारा नैछ नाडीको गति छ भन्नेकुरो जसमा यसको हमेशा ख्यालगर्नु पर्छ, किन कि वात नाडी भन्नाले नै पित्त, कफ द्वन्द्व तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्निपातादिको ज्ञानहुन्छ, किन कि अरू पित्त कफ गति हीन छन् जड्छन् तेसकारणले वायु द्वारा नै इ दुईको गतिहुन्छ वायुनभै चलन सक्तैनन् अतः वातको नाडी मुख्य विचार गर्नु पर्छ ।

नाडी हेर्ने समय

प्रातः कृतसमाचारः कृताचारपरीग्रम् ।
सुखासीनः सुखासीनं परीक्षार्थमुपाचरेत् ॥२०॥

प्रातः कालमा मल मूत्र त्याग र नित्य कर्म गरीसकैको वैद्यले आराम पूर्वक वसेर, प्रात कृत्यादिगरी सके र आराम पूर्वक आफ्ना सामन्नेमा वसेका रोगीकी नाडीको परीक्षा गर्नु अर्थात् हेर्नु । दिउसो नाडीमा गर्मीपन आउँछ, सायं-कालमा दिनभरको अनेक टण्टाले गर्दा नाडीमा चञ्चलता आउँछ, रात्रीमा आराम लिने वेळा मन साफ रहदैन तेस कारणले नाडीको परीक्षा प्रातः काल नै हुनु पर्छ । किन्तु रोग अधिक भयोभने अकस्मात् रोगलाग्यो र अत्यन्त जरूरी परोभने जब चाहे तब नाडीको परीक्षा हुन शक्त छ, तर मळ मूत्रादि भरीयेका वेलामा तेर्सोगरी ढल्केका वेळामा नाडीको ठीक् ठीक् पत्ता ळाग्न शक्तैन, अतः प्रातः शौचादि गरी सकेर नै नाडी हेर्नु हेराउने गर्नु अत्यन्त उचित हो ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाडी ठिक् ठिक् न जानीने समय

तैलाभ्यङ्गे च सुप्ते च तथा च भोजनान्तरे ।
तथा न ज्ञायते नाडी यथा दुर्गतमा नदी ॥२१॥

तेल मालिसगरेछँदामा सुतेका वेलामा भोजन गरी रहेका वेलामा अर्थात् भोजनका बात पनी नाडीको ठिक् ठिक् ज्ञान हुनशक्तैन, जस्तै अति गैह्री नदीको गति थाहा हुदैन तैस्तै यो समयमा नाडीको गति विकृतिमा प्राप्त भयेको हुन्छे ।

अङ्गुष्ठमूलकानाडीवाट सुखदुखको ज्ञान

अङ्गुष्ठस्य तु मूले या सा नाडी जीवसाक्षिणी ।
तस्या गतिवशाद्विद्यात् सुखं दुखंचरोगिणाम् ॥२२॥

जो बुढी औंठाका फेदमा नाडी फट् फट् गरी चल्दछे त्यो जीवको साक्षिणी स्वरूप छ, किन कि उसकै गतिले नै शरीरमा प्राण छ भन्ने यस्तो ज्ञानहुन्छ, तेसै नाडीले फट् फट् गरीचल्न छोडेमा मृत्यु नै हुन्छ, उसै नाडीको भिन्न भिन्न गति वाट वैद्यहरूले रोगछुट्ने या चढ्ने पत्ता लगाउनु स्वस्थको पनी रोग र आरोग्यको पत्ता उसैवाट लिनु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाडोका पर्य्यायवाचक नाम १०वटाछन्

स्नायुर्नाडी वसा हिंस्रा, धमनी धामनी धरा ।
तन्तुकी जीवितज्ञा च शिरा पर्यायवाचिकाः ॥२३॥

स्नायु, नाडी, वसा, हिंस्रा, धमनी, धामनी, धरा, तन्तुकी, जीवितज्ञा, इ सबै नाडोका अर्थवाचक अर्थात् सबै पर्याय वाचक शब्द हुन ।

तीन औंलाले तीन दोष जान्नु

आदौ च वहते वातो मध्ये पित्तं तथैव च ।
अन्ते च वहते श्लेष्मा नाडिकात्रयलक्षणम् ॥२४॥

नाडीमा हात राख्ने वित्तिकै पैले वातकी नाडी विदित हुन्छे तेस पछी पित्तकी नाडी मध्यमा मालुम हुन्छे अन्तेमा कफकी नाडी फट् फट् गर्दछे वायु चञ्चल तथा गतिवान् भयेकाले नै पैले पैले नै वातकी नाडी फट्कन्छे पित्त तातोभये-काले र चपल भयेकाले मध्यमा विदित हुन्छे, कफ शीतल मन्दभयेकाले अन्तमा विदित हुन्छे, अथवा नाडीको यो स्वभाव छ कि नाडी पक्रने वित्तिकै पैले तर्जनी औंला मनी वातकी नाडी मध्यमाका मनी पित्तकी नाडी अनामिका का मुनि कफकी नाडी कि गति मालुम पर्दछे । नाडी सर्ववहा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भयेतापनी यो स्वभावनै हो नाडीको भन्ने संझनु पर्दछ यो तीनै नाडीको लक्षण हो ।

दोषको लक्षण ज्ञान

वाताधिका वहेन्मध्ये त्वग्रे वहति पित्तला ।
अन्ते च वहते श्लेष्मा मिश्रिते मिश्रलक्षणा ॥२५॥

त्रिदोष जब कुपित रहन्छन् उस वेलामा यदि पित्त अत्यन्त कुपितभयेमा वायुकी नाडी चल्द छे । यदि दुई दोष अति कुपित भयेमा यस्तै क्रमले नाडी २ स्थानमा फट्कन्छे । अरु पुस्तकमा न देखियेकाले धेरैको मतछ यो श्लोक प्रक्षिप्त हो भन्दछन् ॥

आदौच वहते पित्तं मध्ये श्लेष्मा तथैवच ।
अन्ते प्रभञ्जनो ज्ञेयः सर्वशास्त्रविशारदैः ॥२६॥

नाडीमा पैले या पैळी औंगुलीका मनि पित्तकी नाडी मध्यमा मध्यमा अङ्गुलीकामनि कफकी नाडी तथा अन्तेमा अनामिका औङ्गुलीकामनि वातकी नाडी वहन्छे, यस्तो सबै शास्त्रजान्नेहरूको मतछ । यो श्लोक एकदं अमूळक विदित हुन्छ किनभने कफ कि नाडी मध्यमा वातको अन्तमा वहने मतकुनै तन्त्रमापनी छैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वस्था नाडीको लक्षण

भूतलाभुजगप्रायास्वच्छा स्वास्थ्यमयी शिरा ।
सुखितस्य स्थिरा ज्ञेया तथा बलवती मता ॥२७॥

स्वस्थ पुरुषकी दोषरहित नाडी जुकाकी या सर्पकी गतिले धैर्यस्थिरगतिले चल्दछे, जो मनुष्य सुखी हरेक प्रकार वाट रोगरहित छ उसकी नाडी मन्दगतिले चले पनी शिथिल हुन्न मन्दगतिभये पनी फुर्तिली हुन्छे, यो स्वस्था नाडीकी साधारण गति हो ॥

कुनवेला कस्ती नाडी चल्दछे

प्रातः स्निग्धमयी नाडी मध्याह्नेऽप्युष्णतान्विता ।
सायाह्ने धावमाना च चिराद्रोगविवर्जिता ॥२८॥

अनेक दिन देखी रोग रहित नाडी प्रात चिप्ली मन्दगतिले चल्द छे, मध्याह्नमा गरम गति सन्ध्यामा चञ्चल चालले चल्दछे, यसको कारण यो हो कि स्वभावैले प्रातःकालमा कफको बल अधिक हुन्छ, तेस कारण ले नाडी धैर्यगतिले चल्दछे, मध्याह्नमा पित्तको प्रकोप अधिक हुन्छ तेसकारणले नाडी गरम तथा तेजिलीभयेर चल्दछे, सायमकालमा वायु बलवान् हुन्छ तेसकारणले नाडी तेजले टेडीभयेर चल्दछे। यस्तै प्रकारले भोजनका आदिमा जीर्णहुने समयमा तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जीर्णभैसके पछी नाडीको चाल ठिक तेस्तै हुन्छ । यदि यस्तो-भयोभने यो संझनुपर्छ कि अनेक दिनदेखी यसलाई रोग लागेको छैन अगाडी अनेक दिन तक लाग्नेछैन ॥

नाडीमा वात पित्त कफकोज्ञान

वाताद्वक्रगता नाडी चपला पित्तवाहिनी ।
स्थिरा श्लेष्मवती ज्ञेया मिश्रिते मिश्रिताभवेत् ॥२६॥

नाडी वातका प्रकोपले वक्र टेढी चालले चल्दछे किनभने वायुको चालैटेढो हुन्छ । पित्तका कोपमा नाडी तेज चालले चल्दछे, किनकि पित्त आग्नेय हो अग्निका उपर ज्वालालेनै जल्द छ । कफका प्रकोपमा नाडी मन्दगतिले चल्दछे किन भने कफ जल धातु हो उधोवग्नेवाला तथा शीत गुणवाळा हुन्छ । यदि २ दोष या ३ दोष कुपित भयेमा मिश्रित गतिले मिसियेकै-गतिले तीनै वटाका कुपित गतिले त्यैक्रमले चल्दछे, यस्ता प्रकार-ले दोषहरूका कोपका अनुसारले नाडीकी गति जान्नुपर्दछ ।

पित्तमा सर्पजुकाको र काग लाभे भ्यागुता भँगेराकी जस्ती नाडाकी गति हुन्छे

सर्पजलौकादिगतिं वदन्ति विबुधाःप्रभञ्जनेन नाडीम् ।
पित्तेन काकलावकभेकादि गतिं विदुःसुधियः॥३०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाडी विशेषजान्ने पण्डितहरूको मतछ कि नाडी वायुका प्रकोपले सर्प, जुका आदिका गतिले चल्दछे, जस्तै सर्पजुको टेढो गतिले हिड्छन् तेस्तै प्रकारले नाडी पनी टेढी भयेर चल्दछे। पित्तकी नाडीकागळाभे, भ्यागुताकी गतिले चल्दछे, जस्ता प्रकारले फुत्तफुत्त उफ्रेर तेजीसित काँहि रोकीएर हिड्दछन् तेस्तै प्रकारले कैले दौडने कैले विश्रामलिने गरेर पित्तकी नाडी पनी तेजीली चल्दछे ॥

रजहाँस मयूर परेवा कुखुराका गतिले कफकी नाडी चल्दछे

राजहंसमयूराणां पारावतकपोतयोः ।
कुक्कुटस्य गतिं धत्ते धमनी कफसंभृता ॥३१॥

कफले पूर्णभयेकी नाडी राजहंस मयुर परेवा कुखुरा जस्ता चालले हिड्छन् तेस्तै चालले नाडी चल्दछे, अर्थात् जस्ताप्रकारले इनी पक्षीहरू पृथ्वीलाई दबायेर हिड्छन् धैर्य-गतिले तेस्तै प्रकारले कफकी नाडी चल्दछे ॥

वात पित्तमाढुवैमा कैले सर्प गतिजस्ती कैले-भ्यागुताकी गतिजस्ती नाडीकी गतिहुन्छे

मुहुः सर्पगतिं नाडीं मुहुर्भेकगतिं तथा ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वातपित्तद्वयोद्भूतां तां वदन्ति मनीषिणः ॥३२॥

जो नाडी बारम्बार सर्प आदिकी गतिले चली फेरी भ्यागुताका गतिले चली भने वात पित्तका प्रकोपले चलेकी भनेर संझनुपर्छ। यस्तो विद्वान् हरूले भनेका छन् ॥

वात कफमा नाडीको लक्षण

भुजंगादिगतिं नाडीं राजहंसगति तथा।
वातश्लेष्मसमुद्भूतां भाषन्ते तद्विदो जनाः ॥३३॥

जो नाडी पैले सर्पका गतिले चल्दछे फेरी हाँसका गतिले चल्दछे भने तेस्लाई वातकफका प्रकोपले चलेकी संझनु पर्दछ। यो नाडीको विशेषज्ञ पण्डितहेरूको भनाई छ ॥

पित्त र कफमा नाडीकी गति भ्यागुता र मयुरादिकी हुन्छे

मण्डूकादि गतिं नाडीं मयूरादि गतिं तथा।
पित्तश्लेष्मसमुद्भूतां प्रवदन्ति विचक्षणः ॥३४॥

जो नाडी पैले भ्यागुतादिका गतिले चल्दछे, फेरी मयूर आदिका गतिले चल्दछे भने नाडीको गति जान्ने पण्डितहरू तेसनाडीलाई पित्त कफका कोपले चलेकी नाडी भन्दछन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पित्तकफमा र वातपित्तमा नाडीकोलक्षण

सूक्ष्मा शीता स्थिरा नाडी पित्तश्लेष्मसमुद्भवा ।
कफवातोद्भवा नाडी सर्पहंसगतिर्भवेत् ॥३५॥

पित्त र कफ कुपितभयेमा नाडी पातली ठण्डी स्थिरहुन्छे अर्थात् छुँदाखेरी पातली ठण्डी जस्ती विदितहुन्छे । सूक्ष्मता पित्तले शीतता स्थिरता कफले हुन्छे, यस्तै प्रकारले कफवातका कोपले कैले सर्पकी गति, कैले हाँसको गतिले नाडी चल्दछ धेरै सूक्ष्म विचार गरेरहेर्नु पर्छ ॥

तिनैदोष कुपितभयेमा नाडीकी गति

उरगादिलावकादि हंसादीनां च बिभ्रती गमनम् ।
वातादीनां च समं धमनी सम्बन्धमाधत्ते ॥३६॥

त्रिदोष कुपित भयेमा सन्निपात भन्दछन् यसमा नाडीपैले सर्पको गतिले चल्दछे, फेरी लाभे आदिकी गतिले चल्दछे, अनिफेरी हाँस आदिकी गति धारण गर्दछे । यस्ताप्रकारले पैले वात नाडी अनि पित्त नाडी तेसपछी कफ नाडी चल्दछे । यो क्रम छोडेर अर्थात् वातपित्त कफको क्रम छोडेर नाडी चली भने तेस्लाई असाध्य संझनु पर्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्निपातमा नाडीको लक्षण

लावतित्तिरवार्तीकगमनं सन्निपाततः ।
कदाचिन्मन्दगा नाडी कदाचिच्छीघ्रगा भवेत् ।
त्रिदोषप्रभवे रोगे विज्ञेया सा भिषग्वरैः ॥३७॥

सन्निपातका कोपले नाडी लामे, तीत्रो, तथा बटाईका जस्तै चालले चल्दछे। यदि नाडी कैले मन्दमन्द गतिले चल्दछे कैले कैले तेजले चली भने वैद्यले संझनु पर्छ कि यो रोग त्रिदोषबाट भयेको हो अर्थात् त्रिदोषमा नाडी यस्ता गतिले चल्दछे ॥

असाध्य सन्निपातबाट चल्ने नाडीको लक्षण

मन्दंमन्दं शिथिलशिथिलं व्याकुलं व्याकुलं वा
स्थित्वास्थित्वा वहति धमनी याति नाशं च सूक्ष्मा ।
नित्यं स्थानात् स्खलति पुनप्यङ्गुलिं संस्पृशेद्या-
भावैरेवं बहुविधविधैः सन्निपातादसाध्या ॥३८॥

यदि सन्निपातमा नाडी मन्दमन्द शिथिल शिथिल भयभीत भये जस्तो गरी एक छिन रोकिई रोकिई तथा अतिसूक्ष्म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गति वाली भैछ भने अर्थात् कठीनसित हातमा आउछे भने अथवा यस्तो हुँदै लोप हुँदै गरी वारम्वार स्थानबाट छुटी भने फट्फट् गर्नै ठाउँबाट माथितिर सरीभने फेरी चल्न लागी भने यस्ता प्रकारले अनेक प्रकारले नाडी चली भने यो सन्निपात असाध्य संझनु पर्छ ॥

अरू पनी असाध्य नाडीको लक्षण

अत्युच्चका स्थिराऽत्यन्तं या चेयं मांसवाहिनी ।
याच सूक्ष्माच वक्राच तामसाध्यां विनिर्दिशेत्॥३९॥

जो नाडी अत्यन्त उच्च गरी चल्दछे बाहिरवाट पनी चलेकी देखिन्छे, अति स्थिर अत्यन्त धीमी चालले चली भने मासु खायेका मानिसकी जस्तो भयेर चली भने अर्थात् ठंडी जस्ती मोटी कठीनतासित चली भने अतिसूक्ष्मभावले चली तेर्सो भावले चली भने यो जान्नुकी यो सन्निपातले असाध्यता जनाउछ अर्थात् सन्निपातमा नाडीले यस्तो गतिधारणा गरीभने वैद्यले असाध्य संझनुपर्छ ॥

अर्को सन्निपातकी नाडीको लक्षण

महातापेऽपिशीतत्वं शीतत्वे तापिता शिरा ।
नानाविधगतिर्यस्य तस्य मृत्युर्न संशयः ॥४०॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यदि शरीर अत्यन्त गरम छ किंतु नाडी शीतल स्पर्श होस यदि शरीर अत्यन्त शीतळ छ, नाडीको स्पर्श गरम छ, तथा नाडीकी गति अनेक प्रकारकी भई भने माने कैले बातकी नाडी कैले पित्तकी कैले कफकी कैले दुइ दोषकी जस्ती कैले त्रिदोषकी जस्ती भयेर नाडी चली भने तेसको मृत्युहुन्छ सन्देहछैन ॥

मृत्युका समयमा पनी सन्निपातकी नाडी चल्दछे

त्रिदोषे स्पन्दते नाडी मृत्युकालेऽपि निश्चला ।
ज्ञयं सर्वविकारेषु वैद्यैः कुशलकर्मभिः ॥४१॥

सन्निपातमा नाडी निश्चल भयेकी पनी मृत्युका समयमा फट्फट् चल्दछे, यस्तै प्रकारले अरु अरु रोगमा पनी कुशल कर्मवाळा वैद्यले जान्नु । मतलव यो हो कि यो सन्निपातमा होस या अरू कोई रोगमा होस यदि अनेक काळसम्म बन्द भयेकी नाडी कोई नाडी फिर्काउने औषधी नपरीकन अकस्मात् फट्कन लागी भने संझनु पर्छ कि अवश्य मृत्युनै हुन्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अाकीं त्रिदोषकी असाध्य नाडीको लक्षण

पूर्वं पित्तगतिं प्रभञ्जनगतिं श्लेष्माणमाबिभ्रतीम्
सन्तानभ्रमणं मुहुर्विदधतीं चक्राधिरूढामिव ।
तीव्रत्वं दधतीं कलापिगतिकां सूक्ष्मत्वमातन्वतीम-
नो साध्यां धमनीं वदन्ति मुनयो नाडी गति-
ज्ञानिनः ॥४२॥

यदि नाडी पैले पित्तकी गति माने गरम तेज चालले चल्दछे फेरी वायुकी गतिले सूक्ष्म तथा टेढी मेढी चालले चल्दछे तेस पछी कफका चालले चल्दछे मन्द मन्द गतिले चल्दछे, यस्तै प्रकारले वात पित्त कफको क्रम छोडेर चलीभने कैले चक्रमा चढेकी जस्ती कैले उपरकी औंलीमनी कैले वीचकी औंली भनि कैले अनामिकाका मनि यस्तै गतिको क्रम सित विपर्ययपूर्वक बारम्बार फट्की भने कैले तेजसित चली पित्त गति होस कैले मयूरको गति कफकी गति भई कैले सूक्ष्म होस वातजन्य गति होस यस्ता प्रकारले पनी क्रम छोडेर चली भने नाडीकी गति विशेषजान्ने वाले महर्षि हरूका मतले यस्लाई असाध्य नाडी संभन्नुपर्दछ अर्थात् यस्तो गतिको क्रम भयो भने रोग असाध्य हो भन्नुपर्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

मृत्युकालकी नाडीको ज्ञान

भूतला भुजगाकारा नाडी देहस्य संक्रमात् ।
विशिर्णेत्क्षीणतां याति मासान्ते मरणं ध्रुवम् ॥४३॥

यदि धेरै पुरानु रोगी अत्यन्त क्षीण भयेको छ भने अथवा कयै कारणले मोटावस उसकी नाडी पातली भै जुकाको जस्तो चिप्लो धैर्य वक्रगतिले हिड्छे भने मोटी भई सर्प जस्तै कठीन भई, मोटी तेजीली वक्रगतिले चल्द्छे भने क्षीण माने सूक्ष्म या अदृश्य भई भने जुन दिन देखी यस्तो नाडी हुन्छे तेस्तो भयेका एक महिनामा या दोस्रो महिनालाग्दै तेसको मृत्यु निश्चय हुन्छ सन्देह छैन ॥

सात दिनमा मर्ने नाडीको ज्ञान

क्षणाद्गच्छति वेगेन शान्ततां लभते क्षणात् ।
सप्ताहान्मरणं तस्य यद्यङ्गं शोथवर्जितम् ॥४४॥

रोगीकी नाडी केही क्षण बड़ा तेजसित चल्द्छे किन्तु शीघ्र शांत हुन्छे मालमैपर्दिन यदि रोगीका शरीरमा सूजन उठेको छैन भने तेस रोगीको मृत्यु सात दिनमा हुन्छ यदि शरीरमा सूजन छ भने यस्तो हुँदैन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

तिन दिनमा मर्ने नाडीको ज्ञान

हिमवद्विशदा नाडी ज्वरदाहेन तापिनाम् ।
त्रिदोष स्पर्शभजतां तदामृत्युर्दिनत्रयात् ॥४५॥

सन्निपातले पीडित मनुष्यको शरीर यदि सन्निपात ज्वरका गर्मीले व्याकूल भयो भने यस्तो भयेका वेलामा तेसकी नाडी ढण्डी भयेर साफ मालुम भई भने तेसको मृत्यु तिन दिनमा हुन्छ निसन्देह ॥

चार दिनमा मर्ने नाडीको ज्ञान

निरीक्षा दक्षिणे पादे तथा चैषां विशेषतः ।
मुखे नाडी वहेन्नित्यं ततस्तु दिनतुर्यकम् ॥४६॥

असाध्य नाडीहरू दाहिने हातमाता देख्नै पर्छ तर दाहिने पाउमा पनी हेर्नुपर्छ, स्त्रीको बाँया हात बाँया पाउमा हेर्नु यदि दुबै ठाउको गति विकृत गति भयेको छ भने त्यो पनी हात पाउको एकै भयो भने कथित समयमा तेसको अवश्यनै मृत्यु हुन्छ । यदि रोगीको हात पाउको नाडी मुखमा अर्थात तर्जनी औंलाका फेदमा हरबखत फट्कन्छे भने तेसको चार दिनमा मृत्यु हुन्छ निश्चय, अथवा नाडी तर्जनीका फेदमा चल्दछे श्वासमुखबाट मात्र निस्कन्छ नाकबाट बंदछ निस्कँदैन भने तेसको मृत्यु पनी चार दिनका दिन हुन्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

एक दिनमा मर्ने नाडीको लक्षण

गतिं भ्रमरकस्यैव वहेदेकदिनेन तु ।।४७।।

पुस्तकालय

यदि रोगीकी नाडी भ्रमराका चालले चल्दछे अथवा दुई तीन पठक तेजीसित फट्कन्छे, फेरी गायब हुन्छे फेरी एकक्षिण उस्तैचालले चलेर बन्द हुन्छेभने तेसको मृत्यु एक दिन भित्रमा अर्थात् २४ घण्टाभरमा हुन्छभन्ने संझनु यो कुरो सूक्ष्मविचार र अनुभव वाट वताउनु पर्छ ।।

बाह्रप्रहरमा मर्ने नाडीकोलक्षण

कन्देन स्पन्दते नित्यं पुनर्लगति चाङ्गुलौ ।
मध्ये द्वादश यामानां मृत्युरेव न संशयः ।।४८।।

यदि रोगीकी नाडी कन्द वूढी अङ्गुष्ठका फेदमा प्रायः फट्कन्न घरी घरी सूक्ष्म भावले फट्कन्छे तथा फेरी अङ्गुष्ठका फेदमा घरी घरी बलवती भयेर वहन लागी भनेता वाह्रपहरमा त्यो रोगीको मृत्यु हुन्छ यसमा संका छैन ।।

रोकि रोकि नाडी चलेमा नाडीको ज्ञान

स्थित्वा स्थित्वा मुखे यस्य विद्युद्द्योत इवेद्दयते ।
दिनैकं जीवितं तस्य द्वितीये मृयते ध्रुवम् ।।४९।।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जस्की नाडीरोकीईरोकिई मुखमा अर्थात् अङ्गुष्ठका फेदमार जर्तनीका मन्तिर विजुली चंकेझैं फुर्तिका साथ झिलिक झिलिक फट्कन्छे भने त्यो रोगीको आयु एक दिन मात्रहुन्छ दोस्राहिन त्यो रोगी अवश्य मर्छ भन्ने संझनुपर्छ ॥

स्थानछोडेमार दाहभयेमा नाडीको लक्षण

स्वस्थानविच्युता नाडी यदा वहति वा नवा ।
ज्वाला च हृदये तीव्रा तदा ज्वालाऽवधिस्थितिः॥५०॥

यदि रोगीकी नाडीले आफ्नुस्थान अङ्गुष्ठकाफेदवाट छोडेकीछ खस्केकीछ, एकक्षिण एकक्षिणमा वहन्छे चन्छे या चन्दीन तथा हृदयमा बडो तेज ज्वलन पनीछभने जैले सम्म ज्वलन रहन्छ तैले सम्म रहन्छ, जहाँ ज्वलन शान्तभयो कि रोगी मर्दछ भन्ने संझनुपर्छ ॥

आधाप्रहरमा मर्ने नाडीको लक्षण

अङ्गुष्ठ मूलतो वाह्य द्व्यङ्गुले यदि नाडीका ।
प्रहरार्द्धाद् बहिर्मृत्युं जानीयाच्च विचक्षणः ॥५१॥

यदि रोगीकी नाडी अङ्गुष्ठका फेदवाट २ अमल छोडेर चल्दछे अर्थात् बुढि औठाका फेदवाट २ अमल छोडेकी छ भने तिहाँ भन्दा पर मात्र फट्कन्छे वरतिर चल्दीन भने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अथवा केवल अनामिकाका फेदमा मात्र फट्कन्छेभने बुद्धिमान् वैद्यले संभन्नु पर्छ कि यो रोगीको मृत्यु आधा प्रहर बाद हुन्छ ॥

डेढ प्रहरमा मर्ने नाडीको लक्षण

द्व्यङ्गुलाद्बाह्यतो नाडी मध्ये रेखाबहिर्यदि ।
सार्द्धप्रहरकान्मृत्युर्जायते नात्र संशयः ॥५२॥

यदि रोगीको नाडी अङ्गुठाका फेदबाट तथा तर्जनीबाट छोडेर मध्यमार अनामिकाकामाँझमा रेखाखिचे जस्तोगरी लम्बीभयेर चल्दछे भने त्यो रोगीको डेढ प्रहर बादमा मृत्यु हुन्छ, यसमा सन्देह छैन ॥

छप्रहरमा मर्ने नाडीको लक्षण

मध्ये रेखासमा नाडी यदा तिष्ठति निश्चला ।
षड्भिश्च प्रहरैस्तस्य ज्ञेयो मृत्युर्विचक्षणैः ॥५३॥

यदि रोगीको नाडी अङ्गुठका फेदबाट सरेर दुईऔंलाका फेदमा अर्थात् तर्जनी र मध्यमाका फेदमा रेखा खिचेको जस्ती लम्बी भयेर चल्द छे, चल्दै फेरी केहि समय सम्म बन्दहुँदै गर्छे भने त्यो रोगीको मृत्यु छ प्रहर भित्रमा हुन्छ भन्ने संभन्नु पर्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पाउकी नाडीवाट तिनदिनमा मर्ने नाडीको लक्षण

पादाङ्गुलगता नाडी चञ्चला यदि तिष्ठति ।
त्रिभिस्तुदिवसैस्तस्य मृत्युरेव न संशयः ॥५४॥

यदि रोगीकी नाडी अङ्गुष्ठका फेदवाट सवा अङ्गुल हटीछ भने अर्थात् पाउकी मध्यमा अङ्गुली तथा तर्जनी अङ्गुलीका चतुर्थांशमा चलीनभने अथवा तर्जनीका चतुर्थांशमा चल्दीनरचञ्चल तथा तेज चालले चली रही भने त्यो रोगीको मृत्यु तीन दिनमाहुन्छ यसमा सन्देह छैन ॥

चारदिनमा मर्ने नाडीको लक्षण

पादाङ्गुलगता नाडी कोष्णा वेगवती भवेत् ।
चतुर्भिर्दिवसैस्तस्य मृत्युरेव न संशयः ॥५५॥

रोगी की नाड़ी सवा अंगुल सरेर चल्दछे केही गर्मी लियेर तेजिलो भयेर चल्दछे भने त्योरोगीको मृत्यु चार दिनका दिन हुन्छ यसमा केहि सन्देह छैन ॥

पांचदिनमा मर्ने नाडीको लक्षण-

पादाङ्गुलगता नाडी मन्दमन्दा यदा भवेत् ।
पञ्चभिर्दिवसैस्तस्य मृत्युर्भवति नान्यथा ॥५६॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यदि पाउ का औंलाका फेदको नाडी मन्दी मन्दी चालले चली भने त्यो रोगीको मृत्यु पांच दिनमाहुन्छ यस्मा अन्यथा हुंदैन ॥

संख्या का भेदले नाड़ीको ज्ञान-

एवं संख्यादि भेदेन नाडी ज्ञेया विचक्षणैः।
स्वर्गेऽपि दुर्लभा विद्या गोपनीयाः प्रयत्नतः ॥५७॥

उपर लेखियेर आयेका अनुसार संख्यादि भेदले— रोगी को मृत्यु आधा प्रहर बाह प्रहर दुई दिन एक दिन एक मास दुई मास चार दिन पांच दिन मा मृत्यु हुन्छ भनेर बुद्धिमान् हरूले सबै सूक्ष्म विचार गरेर जान्दछन् यो नाडी विद्या स्वर्गमा पनी कठीन सित मिल्द छे अतः प्रयत्नपूर्वक गुप्त राख्न योग्य छ। कोई अयोग्य पुरुष लाई न दिनु नै गुप्त राख्नु भनेकोहो किन भने गुरु सित पढेर जो मनुष्य योग्य शिष्य लाई विद्या दान गर्दैन त्यो मानिस गुरुको ऋणी तथा महापापीहुन्छ भन्ने धर्मशास्त्रमा लेखेको छ ॥

असाध्यजस्तो नाडीमा भयेपनी साध्यहुने लक्षण

भारप्रवाह मूर्च्छाभय शोक प्रमुख कारणान्नाडी।
सम्मूर्च्छिताऽपि गाढं पुनरपि सा जीवितं धत्त ॥५८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

निरन्तर भारी बोकेछँदामा, मूर्च्छाभयेछँदामा भय शोक आदिका कारणले यदि नाडी सूक्ष्म भएकी छ भने अथवा चलन वन्द भयेकी छ भने पनी फट्कँदै फट्कन्न भनेपनी त्यो मानिसकी नाडी फेरी फर्कन्छे जीवित हुन्छ। यस्तो अवस्थामा असाध्य न संझनु। अजीर्ण, वात रोग, व्यायाम, मैथुन तथा श्रम आदिवाट पनी कैले काहि नाडी रोकिन्छे, यसमा पनी मृत्युको कारण न संझनु।

गिरेको हड्डीजोडेका मनुष्यकी नाडी को लक्षण

पतितः संधितो भेदी नष्ट शुक्रश्चयो भवेत्।
शाम्यते विस्मयस्तस्य न किञ्चिन्मृत्युकारणम्॥५६॥

जो मानिस उच्चास्थानवाट गिर्दछ, जस्को हड्डी टुटेर जोडेको छ, जस्लाई अतिसार भयेकोछ, जस्ले अधिक जुलाब लियेर कोष्ट खाली भयेको छ, जस्को वीर्य अतिक्षीण भयेकोछ, यस्ता मनुष्यकी नाडी यदि फट्कीनभने पनी मृत्युको कारण हुन सक्तैन यो नाडी मरणलाई जनाउने हुन्न॥

असाध्यकी जस्ती नाडी भयेमापना अपमृत्यु न हुने नाडीका लक्षणहरू

तथा भूताभिषङ्गे च त्रिदोषवदुपस्थिता।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यद्यकस्मात्तथा नाडी न तदा मृत्युकारणम्॥६०॥

जब भूत प्रेत, देवग्रह आदि लागेका हुन्छन्, तेस वखतमा यदि नाडी त्रिदोष माने असाध्य निरन्तर भारी बोक्तु, मूर्च्छा हुंदा डर, शोक आदि—सन्निपातका अवस्थाकी जस्ती भये पनी मृत्यु जनाउने जस्ती भये पनी, त्यो नाडी मृत्यु जनाउने हुन शक्तिन रोगी मर्दैन यो सवै विचार गर्नु पर्छ ॥

समाङ्गा वहते नाडी तथा च न क्रमंगता।
अपमृत्युर्न रोगाङ्गा नाडी तत्सन्निपातवत् ॥६१॥

भूत आदि लागेर यदि नाडी सन्निपातकी जस्तीभयेर चल्द छे भने पनी ति विषम भावले क्रम छोडेर चल्दीन अर्थात् सम भावले नै उचित स्थानमा नै वात पित्त कफका क्रमले फट्कन्छेभने तेसकारण ले यो नाडी अपमृत्यु जनाउने शरीरको रोगी हुने सूचना दिन्न, अर्थात् यसमा कोई कठीन रोग हुने या अपमृत्युको शङ्का हुंदैन ॥

स्वस्थानहीने च शोके च हिमाऽक्रान्ते च निर्गदाः।
भवन्तिनिश्चिलानाड्योन किञ्चित्तत्र दूषणम् ॥६२॥

नाडीले आफ्नु स्थान छोडेकीछ भने पनी माने कोई उच्च स्थान हाति घोडा आदि सवारी वाट गिरेछंदामा या

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अकस्मात् माथि तिर उफ्रे छँदामा धनपुत्र पति पत्नी आदिको वियोग बाट शोक मग्न भयेमा फर्फिला स्थानमा स्नान गर्नाले हिमपर्नाले ठण्डाले आक्रान्त गरेका खण्डमा शरीर हात गोडा कक्रिये र कक्र्याक् कुक्रुक भयेमा पनी नाडी ले, आफ्नु विमारी बिना पनी फुट्कने काम बन्द गर्दछे। यस्तो अवस्थामा मर्नेभय रोगीलाई वताउनु हुँदैन यो नाडी कुनै असाध्य या मृत्यु सूचक हुन शक्तिन यो सबै विचार गर्नु पर्छ॥

कफवातपित्तमा कं वेसीको नाडी विचार

स्तोकं वातकफं दुष्टं पित्तं वहति दारुणम् ॥६३॥

यदि वात तथा कफ कं दूषित छन्, पित्त अति कुपित भयेकोछ भने वात कफकी नाडी कंति पित्त की नाडी प्रवल वेगले चल्दछे, वात कफकी नाडी अप्रधान भये काले प्रवल वेगवाली पित्तकी नाडी पैलेनै मालुम हुन्छे। यसकारणले पैले पित्त फेरी वात तेस पछी कफकी गतीवाली सन्निपातकी नाडी चल्दछे, यस्तो भयेमा असाध्य नाडी हो भन्ने न संझनु, यस्मा पित्तकै प्रवलता संभेर पित्तकै चिकित्सा गर्नु पर्छ। दुवैमा अन्तर योछ कि सन्निपातकी असाध्य नाडीमा पित्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वात तथा कफका क्रमले तीनै नाडी समान वेगले चल्दछन् किन्तु यस्मा केवल पित्तकी नाडीनै प्रवल वेगवाली हुन्छे वात कफकी नाडी कं वेगकी हुन्छे ॥

जबतकनाडीले ठाउछोड्दीन तबतक औषधी गर्नु पर्छ ॥

स्वस्थानच्यवनं यावद् धमन्या नोपजायते ।
तदा तच्चिह्नसत्वेऽपि न साध्यत्वमिति स्थितिः ॥६४॥

जवतक नाडीले आफ्नुस्थान छोड्दीन अथवा अङ्गुष्ठका फेदवाट हट्तीन जवतक, चल्दै रहन्छे तवतक अरु अरु असाध्य लक्षण उपस्थित भयेमा पनी त्यसलाई असाध्य बताउनु हुँदैन यही आयुर्वेदको नीयम छ । कारण के हो भने यो नाडीनै जीव छ कि छैन भनेर जनाउने साक्षिणी हो अनेक समय सम्म नाडी न भये पनी रोगी पुनः जीवन लाभ गर्न सक्छ तेस कारणले वैद्यले जवतक प्राण रहन्छ तबतक चिकित्सा गर्नैं पर्दछ जबतक स्वासा तबतक आशा भन्ने उखान पनीछ ।

मृत्युका भयको अपवाद

न विमुञ्चति स्वस्थानं नाडी सूक्ष्मा विभाव्यते ।
तस्य मृत्युर्भयं नास्ति व्याधिरप्युपशाम्यति ॥६५॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यदि नाडी पातली भयेर चलेकी छ तन्तुकै समान मालुम हुन्छे, फेरी आफ्नु स्थान अङ्गुष्ठ मूल छोडेकी छैन भने बराबरी चलेकी छ भने त्यो रोगीको मर्ने डर कदापि हुन सक्तैन किन्तु रोगनै पैली शान्त हुन्छ, किन भने नाडी जबतक छुट्तीन तबतक मर्ने केहि डर हुँदैन जबतक प्राण जांदैन तबतक चिकित्सा गर्दा साध्य रोग निश्चयनै विस्तारी विस्तारी निको हुन्छ ॥

स्वस्थ शुभनाडीको लक्षण

सुव्यक्तता निर्मलत्वं स्वस्थानस्थितिरेव च ।
अचाञ्चल्यमन्दत्वं सर्वासां शुभलक्षणम् ॥६६॥

बिमारीमा जब क्रमशः दोषको क्षय भयेर मानिसले स्वास्थ्य लाभ गर्न थाल्दछ, तब छुँदाँखेरी नाडी पनी क्रमैसित साफ मालुम हुनलाग्दछे, छुंदा निर्मल वातादि अरु अरु दोष बाट मुक्त हुन आपना स्थानमा फट्कन अधिक तेजसित न चल्नु विस्तारी विस्तारी न चलनु इ लक्षण नाडीमा आउंछन्, इ सबै लक्षण आरोग्य हुँने सूचना दिने हुन् । मतलब यो हो कि सन्निपात आदि कुनै रोगमा पनी नाडीले यो लक्षण धारण गर्न लागीभने तब वैद्यले संझनु पर्छ कि रोगीको रोग शीघ्रनै नाश भयेर चङ्गा हुन्छ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

दूषित भयेकी नाडीको लक्षण

रक्तं वमति सूक्ष्मत्वं स्वस्थानस्य विमोक्षणम् ।
चाञ्चल्यं दोषपूर्णत्वं काठिन्यमतिमन्दता ॥
स्तैमित्यं गतिकौटिल्यं सर्वासां शुभलक्षणम् ॥६७॥

नाडी हरूको रक्तपूर्ण भये जस्तो गरी चलनु जस्तै रगत वहन्छ या नाडीका मुखवाट ऊपर तल छिद्रवाट तथा रोम कूपवाट रगत निकलनु सूक्ष्म तन्तु समान मालुम हुनु आफ्नु स्थान अङ्गुष्ठमूलवाट छोडेर सर्नु अधिक तेजीका साथ चलनु, वातादि दोष हरूले पूर्ण हुनु छुँदा खेरी साही-जस्ती प्रतीत हुनु अधिक मन्द चालले चलनु, पानीले लतर पतर भयेकी जस्तो ढिलाढाली चालले चली भने कुटिलताका साथ टेढी तेर्सी भयेर चली भने यो सबै नाडीहरूको वात पित्त कफ तथा रक्तादिले दूषितभयेको लक्षण हो अर्थात् यस्तो दूषितभयेमा नाडीमा यो लक्षण प्रकट हुन्छ ॥

सजिलै सित रोग निको हुने नाडीको लक्षण–

यदा यं धातुमाप्नोति तदा नाडी तथा गतिः ।
तदाहि सुखसाध्यत्वं नाडीज्ञानेन बुध्यते ॥६८॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभावैले नाडी जुन समयमा जुन धातुमा प्राप्त हुन्छे जस्तै प्रातः मध्यान्ह सन्ध्या या भोजन आदि पचिसकेपछी पचीरहेका बेलामा स्वभावैले वात पित्त कफका क्रमले प्रबल हुन्छन् उसै समयमा उस धातुकी गतिले चन्दछे अर्थात् जब वातको समय हुन्छ वातकी गतिले पित्तका समयमा पित्तकी गतिले कफका समयमा कफकी गतिले नाड़ी चलेकी छ भने रोग सुखसाध्य हुन्छ औषधीले चाडैनै निकोहुन्छ अर्थात् विना केही तकलिफले रोगी आराम हुन्छ। यही नाडी ज्ञान बाट जानिन्छ ॥

आर्को सुखसाध्य नाडीका लक्षण–

नाडी यथाकालगतिस्त्रयाणां
प्रकोपशांत्यादिभिरेवभूयः ॥६६॥

जुन क्रमले वात पित्त कफको संचय कोप तथा शान्ति हुन्छ उस्तै क्रमले यदि नाडीकी गति पनी भई छ भने अर्थात शीत, ग्रीष्म, वर्षा, पूर्वाह्न, मध्यान्ह, सायं, रात्रीको पूर्वभाग मध्यभाग अन्त्य भाग यस्तै भोजनका समयमा पचेका समय मा त्यस्तै पची सके पछी पित्त तथा कफका क्रमले कुपित भये भने जुन दोष कुपित हुने समयमा ठीक उसैकी गतिलाई लिएर नाडी चली भने रोगलाई सुखसाध्य संझनु पर्दछ ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुन् चीज खांदा कुन् गतिले नाडी चल्दछे

पुष्टिस्तैलगुडाहारे मांसे चलगुडाकृतिः ।
क्षीरे च स्तिमिता वेगा मधुरे भेकवद्भवेत् ॥७०॥

तेल घिउ आदि चिल्लो वस्तु खायेमा तथा गुण चीनी आदि रस पदार्थ खायेमा नाडी पुष्ट भयेर मोटीभयेर चन्दछे । मासु खायेकी नाडी लहुदा जस्ती मोटी लामी भयेर चल्दछे । दूध पियेमा मन्दवेगले नाडी चल्दछे । मह चिनी आदि मिठै मिठो वस्तु खायेमा नाडीकी गति भ्यागुताकी जस्ती हुन्छे कारण के हो भने अधिक मीठो खायेमा मीठा पदार्थको पाक खट्टा हुन्छ तेस कारणले पित्त कुपित हुँछ तेस कारणले नाडीकी गति भ्यागुताकी जस्ती हुन्छे । यो सबै नाडीकी गति जीवलाई यो सबै वस्तु उचित मात्रामा खायेमा पदार्थले विकार गर्दैनन् अधिक मात्रामा खायेमा मात्र यस्ती नाडीकी गति हुन्छे । उचितमात्रामा खायेकी नाडी स्वाभाविक जिउंकातिउँ हुन्छे ॥

रम्भा गुडवटाहारे रुक्षशुष्कादि भोजने ।
वात पित्तार्त्तिरूपेण नाडी वहति निष्क्रमम् ॥७१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

केरा गुड मासका फुरौला आदि खायेमा तथा रूखा भुटे का चना मकै, भट्मास चिउरा आदि खायेमा नाडी वात पित्त का कोपमा जस्तै चल्दछे, अर्थात् उस्तै गति हुन जान्छे किन्तु यस्माक्रम हुँदैन अर्थात् पैले बात फेरी पित्त फेरी पित्त अनिवात यस्ती विपर्यय गतिले चल्दछे ॥

रसविशेष भोजनगरेमा नाडीको लक्षण-

मधुरे बर्हिगमना तिक्ते स्याद्भूलता गतिः ।
अम्ले कोष्णा प्लवगतिः कटुके भृङ्गसन्निभा ॥७२॥

मीठो रस अधिक खानाले नाडीकी गति मयूरकी जस्ती हुन्छे किन कि मधुर रसले कफकुपित हुन्छ, तीतो पदार्थ अधिक खानाले नाडी की गति जुकाकी जस्तीहुन्छे वात यो हो कि तीतो अधिक खानाले वात कुपित हुन्छ । अमीलो अधिक खायेमा केहि तातेर दौडेजस्ती भयेर नाडी चल्दछे, किन कि अमीलाले पित्त कुपित हुन्छ,पीरो अधिक खानाले नाडीकी गति दियाला पक्षीकी जस्ती हुन्छे किन भने पीराले वातको वृद्धि हुन्छ ॥

कषाये कठिना म्लाना लवणैः सरला द्रुता ।
एवं द्वित्रिचतुर्योगे नाना धर्मवती धरा ॥७३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

टर्रो वस्तु खायेका समयमा नाडी कठीन साहीपनकी हुन्छे अर्थात् छुँदाखेरी कडी तथा जड भयेर चल्दछे, नून अधिक खायेमा नाडी सरल माने सीधी भयेर जल्दी जल्दी चल्दछे, यस्तै प्रकारले दुई तीन प्रकारका चीज मिसियेको वस्तु खायेमा नाडी पनी अनेक प्रकारकी गति भयेकी हुन्छे ॥

कुन् रसले कुन्दोषलाई दवाउँछ

स्वाद्वम्ललवणा वायुं कषायस्वादुतिक्तकाः ।
जयन्ति पित्तं श्लेष्माणां कषायकटुतिक्तकाः ॥७४॥

मीठो अमीलो नूनीलो रसले वातलाई शाम्यगर्दछन्, मीठो टर्रो पीरो रसले पित्तलाई शान्तगर्दछन्, यस्तै टर्रो पीरो तीता रसले कफलाईशान्त गर्दछन् ।

कुन्कुन् रसले कुन् कुन दोष कुपितहुन्छन्

कट्वम्ललवणाः पित्तं स्वाद्वम्ललवणाः कफम् ।
कटुतिक्तकषायाश्च कोपयन्ति समीरणम् ॥ ७५ ॥

पीरो अमीलो नूनीलो रसले पित्तलाई कुपित गर्दछन्, मीठो अमीलो नूनीलो रसले कफलाइ कुपित गर्दछन्, पीरो तीतो टर्रो रसले वायुलाई कुपित गर्दछन् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

प्रसङ्गवशात्रसहरूकोविपाकहुँदाकस्तोहुन्छ

कटुतिक्तकषायाणां विपाकः प्रायशः कटुः ।
अम्लोऽम्लं पच्यते स्वादुर्मधुरोलवणस्तथा ॥७६॥

तीतो, पीरो, टर्रो, पदार्थको विपाक प्रायः तीतो हुन्छ । अमीला पदार्थको विपाक प्रायः मीठैनै हुन्छ, प्रायः भनेको मतलब यो हो कि कैले काही बिपरीत पनी हुनजान्छ ॥

मधुरो लवणोऽम्लश्च स्निग्धभावास्त्रयोरसाः ।
वातमूत्रपुरीषाणां प्रायो मोक्षे सुखा मताः ॥७७॥

मीठो नुनीलो अमीलो ई तीन रस चिल्लापन भयेकाले वायु, मूत्र, मल बाहिर निकाल्न लाई सरलता ल्याउने वाला हुन्छन, कारण यो हो कि जो चिल्ला पदार्थ रहन्छन् वातानुलोमन गर्दछन्, कोठारमा चिल्लोपन हुने हुनाले वायु, मूत्र, तथा मल आदि कोठारमा॰न रहीकन सुख पूर्वक बाहिर निकल्नन्छन ॥

कटुतिक्तकषायाश्च रुक्षभावास्त्रयोरसाः।
दुःखानि मोक्षे दृश्यन्ते वातविण्मूत्ररेतषाम् ॥७८॥

तीतो पीरो टर्रो इ तीन रस रूखाभयेकाले वातलाई कुपित गरायेर विष्टम्भ आदि गर्ने भयेकाले वायु, मल, मूत्र तथा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वीर्यलाई वाहिर निकलनलाई दुखदाई हुन्छन्, अर्थात् इनीलाई बाहिर निकलनलाई रोकि दिन्छन्।

प्रसङ्गबसात् द्रव्यहरूको पनी रसधर्मत्वछ-

मधुरं श्लेष्मलं प्रायो जीर्णात् शालियवादृते।
मुद्गात् गोधूमतःक्षौद्रात् सीतायाजाङ्गलामिषात्॥७९॥

पुराना शाली धानका चामल तथा पुराना जौलाई छोडेर अरु अरु मधुर रसवाला द्रव्य प्रायः कफकारक हुन्छन्, तथा पुरानु मुगीमास, पुराना गँहुँ, मह गुण चीनी तथा जङ्गलका मृग आदि पशु पक्षीको मासु पनी कफकारक हुँदैनन्॥

प्रायोऽम्लं पित्तजननं दाडिमामलकादृते॥८०॥

अनार र अमला लाई छोडेर अरु अरु अमीलो रस भयेका वस्तु प्रायः पित्तकारक हुन्छन्। दारिम र अमला अमीला रसबाला भयेपनी शीत वीर्य वाला हुन्छन्, तेस कारणले पित्तकारक हुदैनन्। प्रायः शब्द पढेको हुनाले कोई कोई पदार्थ पित्तकारक हुदैंनन् पनी भन्ने यो अर्थ निकलन्छ।

द्रवेऽतिकठिना नाडी कोमला कठिनाशने।
द्रवद्रव्यस्य काठिन्ये कोमला कठिनाऽपिच॥८१॥

तरल पदार्थ, भोजन गर्दा नाडी ठण्डाजस्ती मोटी भयेर तथा कडी भयेर चलदछे, कडा पदार्थ जस्तै लड्डू कसार आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भोजन गरेमा नाडी छुँदाखेरी कुत्कुती लागेकी जस्ती मालुम भयेर चल्दछे यदि कुनै द्रवपदार्थ जमायेर साहो बनाईयो भने त्यो पदार्थ भोजन गर्दा नाडी कैले कैले कोमल कैले साही जस्ती मालुम हुन्छे, यस्तो संझनुपछ कि कैले कैले कोमल कैले कैले साहो हुन्छे, जस्तै सुकेको माटाको डल्लो भिजाउँदा अलि अलि भीजेको वाहिरवाट छुँदा गिलो मालुम हुन्छ तर दबायेर हेर्दा भित्र न भिजेकाले साहो हुन्छ, तेस्तै नाडीलाई पनी संझनु पर्छ ॥

अम्लैश्च मधुराम्लैश्च नाडी शीता विशेषतः ।
चिपिटं भ्रष्टद्रव्यैश्च स्थिरा मन्दतरा भवेत् ॥८२॥

अमीलो पदार्थ र, मीठो अमीलो पदार्थ खानाले नाडी टण्डीनै विशेष गरेर हुन्छे, यहाँ अमीलो पदार्थ भनेर शीत वीर्य वाला दाडिम र अमला लाई लिनु पर्छ कि न कि शीत वीर्यवाला पदार्थभयेकाले नाडीमा पनी शीतप्रभाव पर्नजान्छ अन्यथा अमीला रसले पित्त कुपित भयेर नाडोकी गति गरम तथा तेज हुन्छे, खट्मिठो पदार्थ खानाले नाडी खास गरी ठण्डी मालुम हुन्छे, चिउरा भुटेकाद्रव्य चना आदि खानाले नाडीकी गति स्थिर तथा अत्यन्त मन्द हुन्छे ॥

कुष्माण्डमूलकैश्चैव मन्दा मन्दा च नाडिका ।
शाकैश्च कदलैश्चैव रक्तपूर्णेव नाडिका ॥८३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कुभिण्डो तथा मूळा खायेमा नाडी कि गति मन्दो मन्दी हुन्छे, शाग, पात, फुल्ल, फल,नाल,स्कन्द इ छ प्रकारका पदार्थ खायेमा या इनी मध्ये कुनै एक चीज खायेमा तथा केरा खाये मा पनी नाडी रक्तपूर्ण भयेजस्तैगरी चल्दछे नाडी छुँदा यस्तो मालुम हुन्छ खून भरियेको छ कि जस्तो हुन्छ ॥

मांसात् स्थिरवहा नाडो दुग्धे सीता बलीयसी ।
गुडैः क्षीरैश्च पिष्टैश्च स्थिरा मन्दवहा भवेत् ॥८४॥

मासु खायेमा नाडी स्थिरता लियेर चल्दछे मन्द मन्द पनी हुन्न चञ्चल पनी हुन्न, दूध पियेमा नाडी शीतस्पर्शलियेर बल-वतीभयेर चल्दछे। अर्थात् धीर स्थिर स्वभावलाई लियेर एकै चालले चल्द छे, अर्थात् गतिमा तेजी नभयेतापनी जडता लिन्न, गुण, दूध, कुभिण्डो, आदि भोजन गर्नाले नाडीकीगति स्थिर तथा मन्द हुन्छे, पैलेका श्लोकमा मासुखानाले नाडी ठण्डी जस्तोहुन्छे भन्ने कुरो भनी सकेको छ, यहाँ फेरी स्थिर वहा भन्नाले यसको अर्थ यो हो कि नाडी ठण्डी जस्ती भयेरपनी स्थिर अचञ्चल हुन्छे, दूध भोजन गर्दा स्तिमित वेगवाली, शीता बलायसी, स्थिरमन्दवहा इ तीन भिन्न भिन्न गतिले चल्दछे भन्नाले दूधका भिन्न भिन्न अवस्था गौरवादि का अनुसारले नैहो भन्ने संझनु पर्छ, जस्तै धारोष्ण दूध पिउँदा सद्योबलकर भयेकाले नाडीकी गति शीता र बलवती

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भई, नतताईकन चीसो दूध पिउँदाशीतल र कफकारकभयेकाले नाडी स्तिमित वेगवाली हुन्छे तथा ततायेको दूध पिउँदा भारी पन भयेकाले नाडीकी गति स्थिर तथा मन्दहुन्छे इत्यानि विचार गरेर हेर्नुपर्छ ॥

गुडरम्भामांसरुक्षशुष्कतीक्ष्णादिभोजनात् ।
वातपित्तार्त्तिरूपेण नाडी वहति निश्चला ॥८५॥

गुण, केरा, मांसु, रुखा पदार्थ जस्तै चना मकै भट्मास इत्यादि र अरू अरू भुजेका चिउरा आदि तथा तीखर जस्तै रायोको सर्सिउँको शाग, अदुवा, आदि पदार्थमा यौटैमात्र या भिन्न भिन्न या दुई तीन द्रव्य मिलायेर खायेमा नाडी वातपित्त प्रकोपवाली गति जस्तै हुन्छे, अर्थात् कैले टेढो कैले तेर्सी दौडदै गरेकी भयेर चल्द छे ॥ तथा चञ्चलता यसमा अधिक हुन्छे

अम्लेऽपि हृद्यसुस्थत्वे भवन्ति तापिताः शिराः॥८६॥

अमीलो पदार्थ भोजन गरेमा यदि हृदयमा ज्वलन डकार आदि उपद्रव पैदाभयेको छ भने, अपि शब्द पढेकोहुनाले यदि ज्वलन आदि छैन भने पनी नाडी गरम हुन्छे यसमा अनार अमला आदि पित्त लाई कुपित न गर्नेवाला पदार्थलाई छोडेर अरुअमीला पदार्थनै संझनुपर्छ, किन भने पित्तकुपित नभैकन नाडी गरम हुन्न, यदि हृदय आदिमा ज्वलन नभयेमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

कं गरम ज्वलन भयेमा अधिक गरमी नाडीमा आउँछ, यो पनी संझनुपर्छ कि अमीलो पदार्थ सुस्थहुँदापनि विकार न गर्ने मात्रामा खायेमा पनि नाडीमा गर्मीपन अवश्य आउँछ ॥

प्रातः आदि कुन्वेलामा कस्ती निरोगीकी नाडी कि गति हुन्छे

प्रातः स्निग्धमयी नाडी मध्याह्नेऽप्युष्णताऽन्विता ।
सायाह्ने धावमाना च रात्रौ वेगविवर्जिता ।
प्रकृतिस्था च सा नाडी सदा ज्ञेया भिषग्वरैः ॥८७॥

प्रातःकालमा स्वभावैले कफको प्रबलता भयेकाले नाडी-स्निग्ध अचञ्चल तथा स्थिरगतिवाली हुन्छे, मध्याह्नमा स्वभावैले पित्तको प्रबलता हुने भयेकाले गरम तथा स्थिर नाडी हुन्छे, सायंकालमा स्वभावैले वायुको प्राबल्य भयेकाले दौडेर हिडेकी जस्ती विहित हुन्छे, रात्रीमा स्वभावैले दिनका अपेक्षा गर्मी कं रहन्छे, सवै इन्द्रिय आराम गर्दछन् मनुष्य पनि उत्तोजना आदिवाट दूरनै रहन्छन् तेस कारणले नाडी कि गति प्रहरादिका भेदले स्निग्ध, उष्ण तथा दौडदै गरेकी भयेपनि दिनका अतेक्षा रात्रीमा वेगहीन हुन्छे, येहि स्वभाव स्वस्थ निरोगीमानिसकी नाडीकी गति हुन्छे, अर्थात् यस्तो गति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

नाडीको देखे र श्रेष्ठ वैद्यले संभनुपर्छ कि यो पुरुष निरोग अवस्थामा रहेछ ।

जरो आउँनुभन्दा पैलेकी नाडीको लक्षण

अङ्गग्रहेण नाडीनां जायन्ते मन्थराप्लवाः ।
प्लवः प्रबलतां याति ज्वरदाहाऽभिभूतये ॥८८॥

यदि केही वेळापछी जरो आउँनेवालाछ भने शरीरमा करकरी खानु जिउ मरमराउनु इत्यादि पीडाछ भने नाडी मन्दभावले कुदीकुदीकन चल्दछे, यदि ज्वर तथा शरीरमा दाह पनि हुनेबाला छ भने नाडीको गतिळे अरू प्रबलवेग धारणा गर्दछे, अर्थात् तेजीका साथ भ्यागुताका गतिले जस्तै कुदी कुदीकन चल्दछे, यस्ती नाडी देखेर वैद्यले संझनुपर्छ कि यस्लाई दाह ज्वर हुनेवाला छ । ज्वरका पूर्वमा यस्तीगतिहुने कारण यो छकि गर्मी नभैकन जरो आउँदैन तथा पित्त नभैकन गर्मी हुदैन तेसकारणले चाहे जुनसुकै दोषले भयेतापनि जरामा पित्तको प्रकोप अवश्यनै हुन्छ, तेसकारणले नाडीपनि पित्तकाझैं कुदीकुदीकन चल्दछे, भनेको पनि छ जराका कोपमा नाडी गरम तथा तेजले चळने हुन्छे ।

सन्निपातका पूर्वरूपमा नाडीको लक्षण

सन्नपातिकरूपेण भवन्ति सर्ववेदनाः ॥८९॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सन्निपात जरो आउँनेवाला छ भने नाडीमा सबै प्रकार की गति प्रकट हुन्छे । अर्थात् नाडी घरी सर्प कै जस्ती गतिले टेढी तेर्सी भयेर चल्दछे, घरी भ्यागुता कागका जस्तो गरी कुदद छे, कैले हाँस, मयूर आदिका जस्तो गरी धैर्य स्थिर गतिले, घरी लाभे तित्राका गतिले तेर्सी भयेर चल्दछे, मतलब यो हो कि नाडी तिनै दोषका चाल लाई लियेर उलक्षणका अनुसार कं अधिक भाव धारण गर्दछे ॥

शरीरमाजरोआईसकेकी नाड़ीको गतिज्ञान

ज्वरकोपे तु धमनी सोष्मा वेगवती भवेत् ॥६०॥

जरो शरीरमा बाहिर प्रकट भैसके वछी नाडी गरम तथा तेजगतिवाली हुन्छे, किन भने जरा मात्रमानै पित्तको संबन्ध रहन्छ जो यो भन्दा पैले पनी भनी सकेको छ । पित्तकारक आहारादिकी गतिकी नाडी भन्दा यसमा यो फरक छ कि अमीलो आदि पित्तकारक पदार्थ अधिक खायेमा नाडी कोष्णा प्लव गति हुन्छे, कं गर्मी लियेर कुदे जस्ती भयेर चल्दछे किन्तु ज्वरमा त्यै नाडी उही गति भये पनी अधिक गरम अधिक तेज भयेर चल्द छे ॥

वातोल्वणजरामानाडी कस्तीभएरचल्दछे–

ज्वरे वक्रञ्च धावन्ति यथा च मरुतप्लवे ॥६१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यदि वातका प्रकोपले जरो आयेको रहेछ भने नाडीको गति ज्वरकी जस्ती सामान्य अर्थात् गरम तथा तेज भये तापनी वक्र टेढी तेर्सी जुका सर्पकी गति जस्ती भयेर चल्दछे।

मैथुन गरी सकेपछी चार प्रहर सम्म नाडीको लक्षण

रमणान्ते निशि प्रातस्तप्तादीपशिखा यथा ॥६२॥

स्त्रीप्रसङ्ग गरी सके पछी बाकि रहेको रातभरी तथा उसै दिन बिहान पनी नाडीकी गति दियाकी ज्वाला जस्ती अत्यन्त गरमी हुन्छे, नाडी ता जरामा पनी गर्मी हुन्छे किन्तु यस्मा भेद यो छ कि जरामा गरम र बेगवती हुन्छे किन्तु रमण गर्दा कि नाड़ी दियाका ज्वाला जस्ती स्थिर भयेर चल्लेकी गर्मी हुन्छे गतिमा भेद छ, यो सम्झनु पर्छ कि जस्तै दीपककी ज्वाला स्थिर भये पनी टुप्पामा क्यै हलियेकी जस्ती देखीन्छे, तेस्तै प्रकारले नाडी पनी गरम स्थिर भये तापनी तर्जनी औंलाका फेदमा क्यै चञ्चल मालुम हुन्छे॥

वायुसमान या तीव्रभयेमानाडीगति विज्ञान

साम्या सूक्ष्मा स्थिरा मन्दा नाड़ी सहजवातजा।
स्थूला च कठिना शीघ्रा स्पन्दते तीव्रमारुते ॥६३॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

स्वभावैले वातमा नाडी मुलायम (नरम) वाली सूक्ष्म पातली स्थिर तथा मन्द गतिवाली हुन्छे, माथि बातले टेढीगति हुन्छे भनेर लेखियेकोछ, तर यहाँ यसो भनेको मतलब यो हो कि वातकी नाडीस्वभावैले हास या कुपितहुँदाहोस कुटिल गति नैहुन्छे, यसमापनी स्वाभाविक वातवालेकी नाडी कुटिल भयेर कोमल, सूक्ष्म, स्थिर, मन्द, हुन्छे। अथवा सहजको मतलव योहोकि वातकारक आहार विहार का समयमा या ग्रीष्म ऋतुमा जबवातको संचय हुन्छ तव तेसवेला कोई तीव्र तात्कालिक ज्वरभये छ भने नाडोकी गति यस्ती भैछभने तथा वायुको प्रकोपले होस या वायुको प्रकोप अधिक होस या वर्षा ऋतुमा वात ज्वर होसता पनी नाडी दोषपूर्णभयेकाले मोटी तथा क्यै कठीन भयेर आफ्नु उही कुटिलगतिले जल्दी जल्दी फट्कन्छे, यो विचारगर्नुपर्छ।

पित्तजरो आयेमा नाडीकी गतिज्ञान-

भृता च शरला दीर्घा शीघ्रा पित्तज्वरे भवेत्।
शीघ्रमाहननं नाड्याः काठिन्या च चला तथा।
मलाजीर्णेन नितरां स्पन्दनं च प्रकीर्त्तितम् ॥६४॥

पित्तज्वरमा नाडी दोषलेभरीयेकी जस्तीभयेर सीधारेखामा लम्बीभयेर अर्थात् अनामिका देखी लियेर तर्जनीसम्म तेजी-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सित जल्दी जल्दी फट्कन्छे, तेस्तै मलले पूर्ण भरियेको छ भने एकदं कडाभयेर फट्कन्छे माने यस्तोगरी चल्दछे कि छालालाई फोरेर बाहिर निक्लेरकाँहि जान चाहन्छे कि जस्तै। कोई टीकाकार महाशय हरूयस्तो अर्थ गर्दछन् पैले पङ्तिमा वतायेकी नाडीकीगति उस पित्तज्वरमा हुन्छे, जो पित्तका सञ्चयका वेळामा या वर्षा ऋतुमा कुनै उग्रतात्कालिक कारणले जरोआये मा तथा शरद् ऋतुका पित्त ज्वरमा पित्तको स्वाभाविक प्रकोपरहने भयेकाले नाडी दोषपूर्ण भयेर कठिन भयेर फट्-कन्छे। मल साम पित्त जब जब जीर्ण (परिपक्व) हुँदै जान्छ तव तव नाडीपनी काठिन्यादिलाई छोडेर बारम्बार फुर्त्तिलीर हलकापन लियेर चल्दछे ॥

कफका जरामा नाडीको लक्षण–

नाडी तन्तुसमा मन्दा शीतला श्लेष्मकोपतः ॥६५

कफज्वरमा चाहे कफसञ्चयका समयमा होस या प्रकोप का समयमाहोस् अति सूक्ष्म माने कमलको तन्तु को धागोस मान भयेर मन्दगतिले नाडी चल्दछे तथा स्पर्शमा शीतल मालुम हुन्छे, यहाँ शीतलको यो अर्थ होकि वात या पित्त ज्वर का अपेक्षा शीतळ हो गर्मीले रहित भन्ने कुरोहोईन किन भने ज्वर भयेकाले नाडी गरमता रहन्छेनै क्यै सक्दैने छैन ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

वातपित्त मिसियेकाजरामा नाडीको लक्षण

चञ्चला तरला स्फूला कठिना वातपित्तजा ॥६६॥

वात पित्त जन्य ज्वरमा नाडी पित्तकाकारणले चञ्चल हुन्छे वातकाकारणले तरल कोक्रो हलियेको जस्तै गरी अर्थात् क्यै टेढ़ो मेढ़ी भये जस्ती भयेर दोषपूर्ण भये काले मोटी तथा कठिन जस्ती भयेर चल्दछे, वात की गति टेढ़ी हुने भये तापनी पित्तकी गति सीधी भयेकाले नाडीले अधिक वक्रगति धारण गर्दिन ।

वातरकफमिसियेकाजराकानाडीको लक्षण

ईषच्च दृश्यते तूष्णा मन्दा स्याच्छ्लेष्मवातजा ।
निरन्तरं खरं रूक्षं मन्दश्लेष्माऽतिवातला ॥६७॥

वात र कफ मिसियेका जरामा यदि दुवै समभावले कुपित भयेका भये नाडी कुनै कदरवाट गरम भयेकीछँदी मन्दी चालले माने मयूर र हाँसकी गतिले चल्दछे, वात तथा कफ दुवै ठण्डा प्रभाववाले भयेतापनी नाडीमा गर्मी ज्वरका कारणले हुन्छ, यदि यस जरामा कफ मन्दा होस तथा वायु प्रबल कुपित भयेकोछभने नाडी निरन्तर विनाचाल वदली कन वरावर खर तेज चालले रूखो कठिनपनभयेर चल्दछे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रूखोपदार्थखायेरभयेकावातज्वरको लक्षण

रूक्षवातभवे तस्य नाडी स्यात् पिण्डसन्निभा ॥६८॥

यदि रूखो पदार्थ चना मकै आदि खाना पीनाले वायु रूखा गुणलाई लियेर कुपित भयेर जरो उत्पन्न गरायेको हो भने तथा रूक्ष वात ज्वर भयेको होस् ता नाडी केवल वातको कुपित भयेर अति कुटिल तथा रूखा गुणका कारणले कडाभयेर पिण्ड जस्तै माने गोली मा गाँठा गाँठा परे जस्ती मालुम भयेर नाडी चल्द छे।

पित्त र कफ मिसियेर उत्पन्न भयेका जरामा नाडीको लक्षण

सूक्ष्मा शीता स्थिरा नाडी पित्तश्लेष्मसमुद्भवा ॥६९॥

पित्त कफ मिसिये र आयेका जरामा नाडी सूक्ष्म पातली ठण्डी भयेर स्थिर अनुद्धत वेगले चल्द छे, नाडीमा शीतता स्थिरता भनेको केभने शुद्ध पित्त जन्य ज्वरका अपेक्षा शीतता स्थिरता संझनु पर्छ किनभने नाडी कैले काही केही गरम र चपल गति पनी पित्तका कारणले गर्दछे तथा शुद्ध कफ जन्य ज्वरका अपेक्षा केहि उष्णा तथा चपलगतिवालीहुन्छे।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

रक्तले पूर्ण भयेको मल भरीयेको नाडीको लक्षण

मध्ये करे वहेन्नाडी यदि सन्तापिता ध्रुवम् ।

तदा नूनं मनुष्याणां रुधिरापूरिता मलाः ॥१००॥

यदि नाडी ज्वरावस्थामा मध्यमा अंगुलीका फेदमा गरम भयेर चली भने निश्चयनै जान्नुकि बातादि दोष रक्तका साथमा मिलेर पूर्णछ, यहाँ नाडी दोष पूर्ण भयेकाले स्थूल तथा रगतको पनी पित्तको जस्तो कार्य भयेकाले तेज गति पनी नाडीको संझनु पर्दछ, उपर कहियेकी नाडीकी गति ज्वरा-वस्थाका निमित्त कहियेका हुन् ता पनी सवै अवस्थामा पनी संझनु पर्दछ भन्ने क्वै संस्कृत टीका कारको मतछ एक, अर्का टीकाकार कोमत छ कि ई सवै नाडीकी गति सन्निपातमा दोषहरूका तारतम्यको अनु नुसारले हुन्छे ।

काम क्रोध आदिमा नाडीको लक्षण

कामात् क्रोधात् वेगवती ।

क्षीणा चिन्ताभयाप्लुता ॥ १०१ ॥

काम तथा क्रोधका कारणवाट नाडी जल्दी जल्दी चलन लाग्दछे चिन्ता र भयले व्याप्त भयेमा क्षीण गति वाली हुन्छे

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अर्थात् चिन्तित र भयभीत मनुष्यको नाडी क्षीण मन्द भयेर चल्दछे ॥

भूतादिलागेरआयेकाजरामानाडीकोलक्षण

भूतज्वरे सेक इवातिवेगा धावन्ति ।
नाड्यो हि यथाब्धिगामाः ॥१०२॥

भूत आदि लागेर आये का जरामा नाडी वर्षाकालकी समुद्रगामिनी नदी हेरूकाझैं वेगले दौडेकी जस्ती भयेर चल्दछे जस्ता प्रकारले वर्षा कालकी नदी पानीले भरियेर किनारामा तोडफोड् गर्दै डुबाउँदै प्रबल वेगले समुद्रका तरफ दौडेर जान्छन् तेस्तै प्रकारले वेगले चल्दछे तथा जरो भयेकाले साथमा गर्मी पनी हुन्छ यस्तो संझनु पर्छ ।

विषम ज्वरमा नाडीको लक्षण

ऐकाहिकेन क्वचन प्रदूरे क्षणान्तगावा
विषमज्वरेण । द्वितीयके वाथ तृतीयतुर्यें,
गच्छन्ति तप्ता भ्रमिवत् क्रमेण ॥ १०३ ॥

ऐकाहिक एक एक दिनमा प्रति दिन आउने जरामा माने विषम ज्वरमा नाडी घरी घरी आफ्नास्थान अंगुष्ठाका मूल देखी अलि कति पर गयेर फट्किन्छे किन्तु शीघ्रनै आर्को

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

क्षणमा आफ्ना स्थानमा आउँछे। यो क्रम चालु रहन्छ। द्वितीयक माने एकउन्द्रा जरामा ति जरामा चौथी जरामा नाडी गरम भयेर भुवरी परे जस्ती भयेर चल्द छे माने पानी केहि दूर गयेर फेरी भूंवरी परेर घुमछ फेरी बीचमा आयेर भुंवरी बन्द्छ, नाडी पनी तेस्तै गरी केही दूरगयेर फिर्केकी जस्ती मालुम भयेर फेरी अगाडी जस्मा भुंवरी जस्तै मालुम पर्दछे।

काम क्रोधमा नाडीको लक्षण

क्रोधजे सङ्लग्नाङ्गा ससङ्गा कामजे ज्वरे ।
उष्णा वेगधरा नाडी ज्वरकोपे प्रजायते ॥१०४॥

यदि क्रोधका भावमा सामान्य जरो आयो भने नाडी अरू नाडीका साथमा लपटीयेर चलेकी जस्ती मालुम हुन्छे। कामजनित साधारणज्वरमा पनी आर्को नाडी सित जेलियेर चले जस्ती मालुम हुन्छे र चल्द छे। मतलब योहो कि जस्तै दुईटा लहरा आपसमा बठारी येर रहेका हुन्छन् तेस्तै प्रकार-ले नाडी पनी छुंदा खेरी मालुम हुन्छे यै जरो यदि कुपित या तेज होस्ता नाडी उक्त कार भयेर पनी गरम हुन्छे जल्दी-जल्दी फट्कन पनी लाग्द छे।

उद्वेग क्रोधका समयको नाडीको लक्षण

उद्वेगक्रोधकालेषु भयचिन्ताभ्रमेषु च ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

भवेत् क्षीणगतिर्नाडी ज्ञातव्या वैद्यसत्तमैः ॥१०५॥

उद्वेग हठात् मनमा कुनै प्रकारकी उत्कण्ठा या भावको आवेग तथा क्रोध गरेका समयमा भय चिन्ता हुनु रिंगटा लागेमा नाडी कि गति क्षीण मन्द हुन्छे, पैलेका श्लोकमा क्रोधात् वेगवती भनेमापनी कालेषु शब्द विचारणीय श्लोकवाट यस्तो पनी आशय आउँछ जब कुनै दिन मनुष्य कुनै भाव विशेषका आवेगमा आउँछ तेसको साधारण अवस्थावाट यस अवस्थामा आई पुग्नु भन्दा पैलेकी वीचका समयकी नाडी तेसमा नाडी अवश्य क्षीण गति वाली हुन्छे, यस्तो उत्तम दैद्यले जान्नु पर्दछ ।

ज्वरमा मैथुन गरेमा नाडीको लक्षण

ज्वरे च रमणे नाडो क्षीणाङ्गी मन्दगामिनी ।
ज्वरे कालार्त्तिरूपेण भवन्ति विकलाः शिराः॥१०६॥

यदि जरो आयेका वखतमा असंयमी पुरुष स्त्री संग संभोगरेछभने त्यो पुरुषको नाडी पातलीभयेर मन्द मन्द चालले चन्दछे, यदि ज्वरावस्थामा स्त्री प्रसङ्गकी ईच्छा भैछभने नाडी विकल भयेर येता उताभयेर तेजभयेर भट्केकी जस्तो हुन्छे, जस्तै कुनै प्रिय वस्तु हरायेका वखतमा मनुष्य तेस वस्तु लाई प्राप्त गर्न विकलभयेर प्राप्तको चेष्टागर्दछ तेस्तै नाडी पनी हुन्छे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जरोआयेमादहिआदिखायेमा नाडीको लक्षण

उष्णत्वं विषमा वेगा ज्वरिणां दधि भोजनात्॥१०७॥

शरीरमा जरो आयेका वेलामा दहि खायोभने उसकी नाडी गरम जरामाजो गरमहुन्छ त्यो भन्दा पनी अत्यन्त गरम भयेर विषम वेगले अर्थात् कैले विषम वेगले तेजीली कैले मन्दीभयेर चल्द छे ॥

काञ्जिका र अमीलो खायेमा नाडोको लक्षण

काञ्जिकया ज्वराक्रान्ते जायते मन्थरा गतिः ।
अम्लाशित्वादसुस्थत्वं जायन्ते तापिताःशिराः १०८

जराले पीडित भयेका मानिसले (काञ्जी) अनेक औषधी हालेर पानीमा साडायेको क्वाथलाई काञ्जीभन्दछन् त्यो खायो भने नाडाकी गति मन्दहुन्छे, अस्वस्थ मनुष्यले यदि अधिक अमीलो खाये छ भने अमीलो पित्त कारकभयेकाले पित्त कुपित भयेर नाडी लाई गरम गरी दिन्छ तेसकारणले नाडी गरम मालुम हुन्छे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जरालेछोडेपछीपरीश्रमगरेमा नाडीको लक्षण

व्यायामे भ्रमणे चैव चिन्तायां धनशोकतः ।
नानाप्रकारगमनं शिरा गच्छति विज्वरे ॥१०६॥

जरो छुट्ने त्रित्तिकै जबतक पूर्ण बल तागत लाग्दैन तेसै बखतमा कसरत आदि भ्रमण, कार्यमा चिन्ता या पठन पाठनादि चिन्ता तथा धन आदि नाशको शोक इत्यादि गरेमा नाडीकी गति अनेक प्रकारकी हुन्छे कैले टेढी कैले मन्दी कैले तेज कैले सीधी इत्यादि रूप धारण गर्दछे ॥ ज्वर-ज्ञान समाप्तभयो

अजीर्णभयेमा नाडीको लक्षण

अजीर्णे तु भवेन्नाडी कठिना परितो जडा ।
प्रसन्ना तु द्रुता शुद्धा त्वरिता च प्रवर्तते ॥११०॥

अजीर्णभयेमा नाडी कडी भयेर दुवै तरफकी नाडीमा जोल्टीयेकी जस्ती भयेर मन्दी मन्दी भयेर चल्दछे । जीर्णावस्थामा माने भोजन ठीक ठीक पचि गके पछी नाडी प्रसन्ना आलस रहित कोमल दोषवाट शुद्ध तथा शीघ्रगतिवाली हुन्छे यस्मा शीघ्रगति भयेपनि चञ्चलता हुन्न किनभने योनाडी तिनै दोषले रहित हुन्छे ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पक्वाजीर्णे पुष्टिहीना मन्दं मन्दं वहेच्छिरा ।
असृक्पूर्णा भवेत् कोष्णा गुर्वी सामा गरीयसी॥१११॥

अजीर्णका पक्वावस्थामा नाडीपुष्टिहीन गौरवहीन, हल्की पातली जस्ती भयेर मन्दी मन्दी भयेर फट्किन्छे, यदि अजीर्ण नाडी रक्त पूर्णछेभने क्यै गर्मी लियेकीभारी जस्ती भयेर चल्दछे, यदि अजीर्ण भयेर साथैमा आमको दोष पनीछ भने नाडी अति मोटी औंर भारी पनी हुन्छे, किनभने आम वातादि दोषले मिलेको (संसृष्ठ) रहन्छ, तेसकारणले यो संझनु पर्छकि यदि आम कफ संग संसृष्ठ भयेछ भने नाडी क्यै कोमल जस्ती भयेर मन्दो गति वाली हुन्छे, पित्तसित संसृष्ठ भयोभने नाडीकी गति उपेक्षाकृत तेज क्यै गरम हुन्छे, वातकासाथ संसृष्ठ भयेमा क्यै टेढीमेढी भयेर चल्दछे भनेको पनीछ तल्ल क्षणौराम समुद्धवैश्च इत्यादि ।

सुखितमनुष्यकोमन्दाग्नीभयेमानाडीको लक्षण

सुखितस्य स्थिरा ज्ञेया चपला क्षुधितस्य च ।
मन्दाग्नौ क्षीणधातौ च नाडी मन्दतरा भवेत् ।
मन्देऽग्नौ क्षीणतां याति नाडी हंसाकृतिस्तथा॥११२

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

सुखित मानिस भोजनादिमा ठीक ठीक कं वेसी न खायेर न भोकोछ नत अजीर्णादि क्यै दोषछ भने यस्तापुरुषकी नाडी न स्थिर न मन्दी न चञ्चन तथा न जडता का साथ फुर्तिली भयेर नियमित भावले चल्दछे भोकायेका की नाडी चञ्चल गतिले चल्दछे, किन कि भोजन का अभावमा पित्त उद्रिक्त भयेको हुन्छ, मन्दाग्निवाला की तथा क्षीणधातुवालाकी नाडी अधिक मन्द गतिले चल्दछे, अग्नि मन्दभयेमा नाडी क्षीण तथा पातली भयेर हासकी गतिले चल्दछे, माने मन्दी मन्दी भयेर चन्दछे, कफदोषले अग्निमान्द्य भयेकी नाडी मन्दी चल्दछे ॥

आमाशय दुषित आदिमा नाडीको लक्षण

आमाशये पुष्टिविवर्द्धनेन भवन्ति नाड्योभुजगाग्र-
वृत्ताः । आहारमान्द्यादुपवासतो वाऽतथैव नाड्यो
भुजगातिवृत्ताः ॥११३॥

आमाशयमा पुष्टि की बृद्धि हुनाले अर्थात् पुष्टि कारक पदार्थ अधिक खानाले नाडी सर्पको अग्रभाग जस्तै गरी अर्थात् शिरको गतिले चलदछे, अर्थात् सर्प जस्ता किसिमले अगाडीको भागमा अधिक मोटो न भयेर क्यै चेपटो गोल भयेर कं बाङ्गो भयेर हिड्छ, नाडी पनी उस्तै मालुम भयेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चल्दछे । आहार कं गर्नाले अर्थात् कं खानाले या उपवास आदि गर्नाले मतलब योहो कि भोको वस्नाले नाडी तेसको विपरीत भयेर सर्प जस्तै अति कुटिल भयेर मन्द मन्द गतिले हिड्छ तेस्तै गतिले नाडी पनी चल्द छे, माने सूक्ष्म भयेर टेढोपन लियेर विस्तारी विस्तारी चल्दछे, किन कि उपवास आदिमा वायुको कोपता हुन्छ नै किन्तु आहार कं गर्नाले बलक्षीणहुने भयेकाले नाडी मन्द चल्दछे यस्तो कुरो सर्ववैद्य ले संझनुपर्छ ॥

अग्नि दीप्त भयेमा नाडी को लक्षण—

लघ्वी वहति दीप्ताग्नेस्तथा वेगवती स्मृता ॥११४॥

जुन मनुष्य की अग्नि दीप्तछ तेसकी नाडी न हलकी न क्षीण न पुष्ट भयेर वेग का साथ जल्दी जल्दी चल्दछे, यस्मा न लेखेको भये पनी नाडी क्यै गरम अवश्य रहन्छे, किन कि दीप्ताग्निमा पित्त को उद्रेक अवश्य रहन्छ, यसको विपरीत मन्दाग्निमा शीतलता को विधान लेखियेको छ ॥

अतिसार आदि रोगमा नाडीको लक्षण

अति सारे च मन्दा स्यात् ग्रीष्मकाले जलौकवत् ।
वातातिसारे वक्रत्वं चञ्चला पित्तसंभवे ॥११५॥

अतिसार रोगमा नाडी मन्द गतिले ग्रीष्म ऋतुका

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

जुकाका गतिले चल्द छे। वातातिसारमा टेढीभयेर मन्द गतिले चल्द छे पित्तातिसारमा चञ्चलभयेर चल्द छे ॥

राजहंसगतिर्यादृक् तादृङ् नाड्यःकफावृते ।
द्वन्द्वजातिसारे नाडी मुहुर्भेकगतिं तथा ॥११६॥

कफले प्रकोपितभयेका अतिसारमा नाडी राजहंहकी गतिले चल्दछन्। कफ पित्त मिश्रित अतिसारमा नाडी भ्यागुता कि गतिले चल्द छे ॥

वातपित्तसमुद्भूता प्रवदन्ति मनीषिणः ।
भुजगादि गतिं स्थूलां राजहंसगतिं तथा ॥११७॥

वात पित्त प्रकोपभयेकी नाडी कि गति सर्प आदिकी जस्ती हुन्छे, स्थूल र राजहंसकी गतिले फनी चल्दछे भनेर ऋषि हेरुले भन्दछन् ॥

वातश्लेष्मसमुद्भूतां प्रवदन्ति महाधियः ।
मण्डूकादिगतिं नाडी मयूरादिगतिं तथा ॥११८॥

पित्तकफ प्रकोपित भयेर उत्पन्नभयेकी नाडी भ्यागुता आदिकी गति मयूर आदिकी गतिले चल्द छे भनेर पिद्वान हरुले भन्दछन ॥

पित्तश्लेष्मसमुद्भूतां प्रवदन्ति विसारदः ।
सन्निपाते बिलुप्ता तु नाडी भवति निश्चितम् ॥१६१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

पित्त कफ वाट उत्पन्न भयेकी नाडी भ्यागुता आदिर मयूर आदिकी गतिले चल्दछे भनेर विद्वान्हेरूले भन्दछन् सन्निपातमा नाडो विलुप्तहुन्छे माने अनेक प्रकार की गति लिन्छे भन्ने विद्वान् हरूको मतछ ।

मन्दाग्दिर संग्रहणीमा नाडीकोलक्षण

पादे च हंसगमना करे मण्डूकसंप्लवा ।
तस्याग्नेमन्दता देहे त्वथवा ग्रहणीगदः ॥ १२० ॥

जस्की नाडी पाउमा हाँस की गतिले चन्दछे, माने खुट्टा की नाडी मन्द मन्द गतिले चल्दछे, हातकी नाडी भ्यागुताकी गतिले कुदी कुदी कन चली भने योसंझनुपर्छ कि यसको अग्नि मन्दछ, अथवा तेसलाई ग्रहणी रोग भयेकोछ, मन्दाग्नि तथा ग्रहणीमा नाडीकी गति एकै किसिमकी भयेर चल्दछे प्रायः गरेर तै पनी वातादि दोष को अनुवन्ध जस्तोछभने उसैका अनुसार नाडीको पनी वक्रता आदि गतिको कल्पना गर्नु पर्दछ ।

ग्रहणीरअतिसारआदिमा नाडीको लक्षण

भेदेन शान्ता ग्रहणीगतेन निर्वीर्यरूपा त्वतिसारभेदे ।
विलम्बिकायां प्लवगा कदाचित् आमातिसारे पृथुला जडा च ॥१२१॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

यदि ग्रहणी रोगमा अधिक दस्तहुन्छ भने नाडी शान्त अत्यन्त क्षीणभयेर मन्दी मन्दी चलेर पनी कठिनता मालुम पर्दं छे। अतिसार रोगमा यदि अत्यन्त धेरै दस्त भयोभने अतिसार रोग बढेर गयोभने नाडी निर्वीर्यरूपा विर्य, बल, हीन स्ती-भयेर ढीली ढीली भयेर सूक्ष्म सूक्ष्म तथा मन्द मन्द गतिले चल्द छे, अतिसार अत्यन्त बढेर जाँदा नाडी कैले काहि छुट्छे पनी तर हात पाउमा गर्मी गरे पछी फर्के र पनी आउछे किन्तु बलवती हुन्न पूर्वोक्तका अनुसार बलहीननैरहन्छे। विलम्बिका रोगमा नाडी घरी घरी कुदी कुदी कन भ्यागुता की गति जस्तैगरी चल्द छे, अर्थात् प्रायः शान्तनै रहन्छ कैले कैले प्लवगतिले चल्द छे, आमातिसारमा नाडी मोटी र पुष्ट भयेर अरू अरू नाडी सित जोल्टीये जस्ती भयेर अचञ्चल गतिले चल्दछे ॥

दिसापिसाब रोकियेमा र हैजा आदि दस्तमा नाडीको लक्षण

निरोधे मूत्रशकृतोर्विड्ग्रहे त्वितराश्रिताः।
विसूचिकाऽभिभूते च भवन्ति भेकवत्क्रमाः ॥१२२॥

पिशावको वेग रोकनाले तथा दिसाको वेग रोकनाले पनी नाडींको गति एकै दोष वायु कुपितभयेको आश्रय लियेर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

चल्द छे, अथवा दुवै मल, मूत्र रोकियेका छन् भने जो दोष कुपितहुन्छन् उसैको आश्रयलियेर दुवै दोषका अनुसार नाडी चल्द छे, किन्तु वात प्रधानलेनै कुपित हुन्छ भन्ने संझनु पर्दछ भूलनु हुँदैन, विसूचिका (हैजा) अथवा विष्टम्भ भयेर नै सूईको पीडा ग्रहण गर्नाले नै पत्थरी, मूत्रकृच्छ्र ज्वर आदि मा हुने वाला विष्टम्भको ग्रहण हुन्छ, यसमा नाडीकी गति भ्यागुताकी गति जस्ती हुन्छे, माने नाडी कुदुदैहिडेकी जस्ती हिड्छे, यो सामान्य लक्षणभयेकाले अन्यत्र कथित सूक्ष्मता वक्रता आदि पनी रोगानुसार वैद्यले अनुभवद्वारा संझनु पर्दछ ॥

आनाह र मूत्र कृच्छ्रमा नाडीको लक्षण

आनाहे मूत्रकृच्छ्रे च भवेन्नाडी गरिष्ठता ॥१२३॥

आनाह विसूचिका को भेद तथामूत्रकृच्छ रोगमा नाडी भारी हुन्छे, भारी भये काले तेसमा कठिनता पनी आँउछ यस्तो संझनुपर्छ ॥

शूल रोगमा नाडीको लक्षण

वातेन शूलेन मरुत्प्लवेन सदातिवक्रा हि सिरा वहन्ति ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

ज्वालामयी पित्त विचेष्टितेन साध्मानशूलेन च
पुष्टिरूपा ॥१२४॥

वात.शूलमा वात को बृद्धि भयोभने नाडी हर वखत अति टेढी मेढी भयेर चल्दछे, यदि पित्त कर्त्तिक शूलभये देखी नाडी ज्वालामयी जस्ती माने अत्यन्त गरम भयेर चल्दछे, यहाँ गरम का साथमा चञ्चलता पनी रहन्छे। यदि शूलका साथमा आध्मान उपद्रव पनी छ भने नाडी पुष्ट, स्थूलभयेर चल्द छे, यस रोगमा पवन नै मालिक भये काले नाडी क्यैन क्यै वक्रगतिले चल्द छे ॥

प्रमेह रोगमा नाडीको लक्षण

प्रमेहे ग्रन्थिरूपा सा प्रतप्ता त्वामदूषणे ॥१२५॥

प्रमेह रोगमा नाडी गठिली जस्ती भयेर चल्दछे माने छुँदाखेरी यस्ती मालुम हुन्छे नाडीमा गांठो परेको छ जस्तो हुन्छ। यदि प्रमेह नै आम संसृष्टभयेको छ भने नाडी क्यैगर मी लियेर चल्दछे ॥

नाडीका गतिवाट विषखाये आदिको ज्ञान

उत्पित्सुरूमा विषविष्टिकाले विष्टम्भगुल्मोन च
वक्ररूपा।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

अत्यर्थवातेन अधः स्फुरन्ती उत्तनभेदिन्य
समाप्तिकाले ॥१२६॥

सर्प आदि जहरीला विषालुले डसे छँदामा र संखिया हरिताल आदि विष खायेमा शरीर भरमा जब विष व्याप्त हुन्छ तब तेसवेलामा नाडी माथिनै कुद्दैछकी जस्ती भयेर चल्दछे। जस्तै कुदने वाला पैले शरीरको संकोचगरेर कुद्दछ, तेस्तैगरी नाडी पनी संकुचितभयेर चल्द छे। जस्तै कां ऐलेनै मासु तथा छालालाई फोरेर बाहिर निकलन्छेकी जस्तै गरी चल्द छे। विष्टम्भ वायु मल रोकियेमा र गुल्म रोगमा नाडी टेढो भयेर चल्दछे। यहाँ एक जगामा भनेपछी यो सबै ठाउँमा संभनुकी नाडी माथितिर आउँन चाँहदा चाँहदै पनी वक्रगति लेनैचल्दछे. यस्तै विष्ठम्भ तथा गुल्म रोगमा यदि वायुको प्रकोप अधिकरूपले भये छ भने नाडी टेढोमेढो भयेर तलतिर जाँदै गरेर जस्ती भयेर चल्दछे छुँदा यस्त मालुम हुन्छे मानेनाडी फट्कदै जाँदा भित्र प्रवेश गर्दै गरे जस्तो विदित हुन्छे, विष्टम्भ तथा गुल्मरोगका पूर्णावस्था भन्दापैले नाडी उत्तान भेदिनी माने माथिकुदेर हिडे जस्ती भयेर चल्दछे अथवा असमाप्ति काले माने अधोभागमा फट्केका समयमा पूर्ण नभयेर बीचैमा नै गति बदलेर उपर भेदिनी भयेर चल्दछे ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

गुल्मरोगमा पराक्रममा नाडीको लक्षण

गुल्मेन कम्पोऽथ पराक्रमेण
पारावतस्यैव गतिंकरोति ॥१२७॥

गुल्म रोगमा नाडी काँपे जस्तो भयेर चल्दछे। पराक्रम साहसका काम गरेका समयमा नाडी परेवाको जस्तै गति लियेर चल्दछे, माने जस्ता प्रकारले परेवा घुमदै हिडे जस्तो गतिले हिड्छ तेस्तै प्रकारले नाडी पनी तेस्तै घुमदै गरेजस्ती गतिले हिड्छे (फट्कन्छे)।

घाउभगन्दर आदिमा नाडीको लक्षण

व्रणेऽतिकठिने देहे प्रयाति पैत्तिकं क्रमम्।
भगन्दरानुरूपेण नाडी व्रणनिवेदने।
प्रयाति वातिकं रूपं नाडी पावकरूपिणी ॥१२८॥

इति कणादमहर्षि प्रणीतं नाडी विज्ञानं समाप्तम्।

शरीरमा पैदा भयेको घाउ, पीलो, घोक्रे इत्यादि जब साह्रो अपक्व अवस्थामा रहन्छ अर्थात् पाक्नु भन्दापैले पित्त नाडी जस्तो क्रमलियेर भगेरो, काग, मण्डूक, की गतिलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

लियेर चल्दछे, नाडीव्रण तथा नासूरमानाडी भगन्दर जस्तो भयेर चल्दछे। भगन्दर तथा नाडी व्रणमा पावकरूपिणी माने अति गरम भयेर वातनाडी जस्तै भयेर सर्प, जुको, आदिको गतिलाई लियेर टेढी मेढोभयेर चल्दछे।

वान्तगरेमा हतियारले काटेमा तथा गोली आदि लागेमा नाडीको लक्षण

जस्ले वान्त गरेकोछ खुकुरी तलवार, तीर पत्थर लहुरो, गोली आदिले घाउ लागेर अथवा पत्थर आदि मा लडेर ठक्कर लागेर भयेका कष्टमा तथा गोली लागेमा तथा मल, मूत्र, आदिका वेगलाई रोकेर पीडित भयेका मनुष्यकी नाडी कफ अधिक कुपित हुनेभयेकाले हाती तथा हंसकी श्रेणी जस्तै गतिले मन्द मन्द भयेर चल्दछे। कफ कुपितभयेकाले नाडी क्यै मोटी पनी हुन्छे। इति पं० बालकृष्णाचार्य विरचिता बालकृष्णाश्रमी नेपाली भाषाटीका सहितनाडी विज्ञानं समाप्तभयो।

अनुवादकः तथा प्रकाशक

पं० बालकृष्णाचार्य

यशोदा पुस्तकालय, दुर्गाघाट, वाराणसी–१

आर्य भूषण प्रेस, ब्रह्माघाट, वाराणसी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

— सूचना —

यो काशीमा बसेर ३० वर्षसम्म घोर परीश्रमगरे वेद वेदान्त, व्याकरण, न्याय, मीमांसा, साहित्य, ज्योतिष, आयुर्वेद आदिको अध्ययन गरेर खोलेको यो कार्खाना तपाञिहेरुको सेवा गर्नाका निमित्त खोलेको हो अन्त सबै कम्पनीको भन्दा अत्यन्त शुद्ध ग्लेज कागज असली सामान सस्तो दाममा पाञि अवश्य एकवार पुस्तक पात्रा काशीका सामान मगायेर विचार गर्नु होल। यो समयं विद्या पढने समय छ, ठूला ठूला धनी प्रतिष्ठित व्यक्तिले महिनाको २ सहे ४।५ सहे सम्म खर्च गरेर देश विदेशमा पठायेर छोरा नातिलाई पढाउछन्। आजकाल नपढेको मानिस सिपायिको नोकरी सम्म पाउँदैन भने तपाञिहरूले ५०।६०। को पुस्तकै मगायेर हेर्नु पनी भयेनभने कसरी जान्ने विद्वान् गुणीबन्नुहोला। तेस कारणले शुद्ध नयाँ नयाँ किसिमका पुस्तक मगायेर पढनुहोस धर्मशास्त्रको निर्णय सोधपुच्छगर्नुहोस; रोगकोहाल लेखेर औषधी मगाउनुहोस, सन्तान नभयेमा हुंदैगर्दै गरेमा सल्लाह लिनुहोस, धेरै दिनको जीर्णरोगमा सल्लाह लिनुहोस, कूना कूनामापसेरपनीचिठि पत्रबाट लाभ उठान सक्नु न्छ, ज्यादा विस्तार के गर्नु स्वयंविचार गर्नुहोला।

नेपाली छपाईको सर्वोत्तम एकमात्र स्थान☞

आर्य भूषण प्रेस, ब्रह्माघाट, वाराणसी।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri

* इति *

श्री महर्षि कणाद विरचितम्

आयुर्वेदशास्त्रिणा पं० बालकृष्णाचार्येणवि

बालकृष्णाश्रमी नेपाली भाषाटीकया स

नाडी विज्ञानम् समाप्तम्

प्राप्तिस्थानम्

नेपाली भाषाटीकाकारक तथा प्रकाशक :

पं० बालकृष्णाचार्य, यशोदापुस्तकालय,

दुर्गाघाट, वाराणसी–१

एकबार यो पुस्तक मगायेर अवश्य हेर्नु होस् र

आफ्ना स्वदेशको आयुर्वेदका अभावको

पूर्ति गर्नुहोस्

... प्रेस, ...घाट, वाराणसी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu